# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

विश्वको परिप्रेक्षमा महिलाहरुको अवस्था, स्थान र उनीहरुको हकहित र अधिकारको बारेमा कुरा गर्दा यस सम्बन्धी धेरै आवाजहरु उठिसकेका छन् । महिलाहरुको अवस्थालाई माथि उकास्नको लागि सन् १९७५ देखि नै विश्व महिला सम्मेलन हुँदै आइरहेको छ । जहाँ महिला अधिकार, हकहित र अधिनताका कुराहरु हुँदै आएका छन् । विश्वको आधा भाग महिलाले ढाकेको छ । तसर्थ महिलाको विकास बिना समग्र विश्वको विकास कल्पना गर्न सकिदैन । त्यसमा पनि नेपालको सन्दर्भमा कुरा गर्दा देशको जनसंख्याको आधा भन्दा बढी (५०.१ प्रतिशत) जनसंख्या महिलाको छ । तर पनि महिलालाई दोस्रो दर्जामा राखिएको छ । नेपाली समाज पितृप्रधान छ । जसले गर्दा महिलाहरु पुरुषको अधिनतामा बाँच्न बाध्य छन् । साथै पुरुषको बोलवाला रहेको छ तर गैर हिन्दुहरु पनि छन् । गैर हिन्दु महिलाहरुको अवस्था भने केहि राम्रो छ । पितृसत्तात्मक समाजमा पितृ उद्धारका लागि छोरा नै चाहिने धार्मिक मान्यताले महिलाको स्थान निम्न रहेको छ । विशेषत: नेपालमा महिलाहरु शोषित, पिडित र अपहेलित अवस्थामा छन् । महिलाहरुमा शिक्षा र चेतनाको कमी छ । तसर्थ देशको राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, शैक्षिक र कानूनी क्षेत्रमा नेपाली महिलाहरुको स्थिति विश्वका अन्य मूलुकको दाँजोमा निम्न रहेको पाइन्छ ।

हाम्रो समाज पितृप्रधान समाज भएकाले सम्पत्तिको हस्तान्तरण पुरुषबाट पुरुषमा नै हुने गर्दछ । जसले गर्दा महिलाको पैतृक सम्पत्तिमा कुनै हक हुँदैन, महिलाहरुले रातदिन गर्ने घरायसी कार्यलाई अनुत्पादक मानिन्छ । सार्वजनिक क्षेत्रमा महिलाको कुनै पहुँच नहुने र अशिक्षित हुने हुँदा एउटी महिलाको आर्थिक अवस्था अत्यन्त न्यून रहन्छ भने झन् श्रीमान्को मृत्यु पश्चात् एक्लै साना छोराछोरीको पालन पोषण र शिक्षादिक्षामा खर्च गर्न कठीन पर्छ । नेपालका जिल्लाहरुमा विशेषगरी गाउँघरमा एकल हुन पुगेका महिलाहरु २० देखि ३० वर्षका बढी भेटिएका छन् । सो

उमेरका युवा एकल महिलाहरुका सन्तानहरु पनि स-सानै हुने भएकाले कमाउने आमा एक्लै हुँदा गरिबीले जरो गाड्दछ । हालै संसारमा नै गरिबीको रेखामुनी रहेकामानिसहरुको स्तर उठाउने उद्देश्यले सहस्राब्दी लक्ष्य (Millennium Development Goal) अन्तर्गत नेपालमा पनि विभिन्न १५ वटा जिल्लाहरुमा द्वन्द्व पिडित एकल महिला भनेर छुट्याइएकोले रोग लागेर, घटना दुर्घटना वा अन्य कारणले श्रीमान्को मृत्यु भएका एकल महिला त्यस्ता कार्यक्रमबाट बाहिरीएका छन् । उनीहरुको परिवार कुन आयोजनामा पर्ने हो अझै प्रष्ट भैसकेको छैन (थापा, २०६२ : पृ. २९) ।

महिलाहरुलाई बच्चा जन्माउने साधनको रुपमा लिने मानसिकताले गर्दा महिलाहरु घर अथवा चुलो चौका देखिखेतबारीसम्मको कार्यमा मात्र समय बिताउँछन् । जसले गर्दा शिक्षा, ज्ञान र चेतनाजस्ता कुराहरु प्राप्ती गर्ने समय हुँदैन । त्यसैले महिलाहरुको शैक्षिक स्तर अत्यन्त निम्न र पुरुषमा निर्भर हुनु परेको छ । नेपालमा छोरीलाई देवीको रुपमा र बुहारीलाई दासीको रुपमा उभ्याउने विचारको अन्त्य हुनु जरुरी देखिन्छ ।

विश्वका हरेका मानिस समाजभित्र समेटेर रहने क्रममा विभिन्न संस्कार, सम्प्रदाय, धर्म, वर्ण, जाती तथा भेषभूषामा रहन पुगे । पृथ्वीको उत्पत्ति देखि मानिस जंगली घुमन्ते युग हुँदै स्थायी जीवन निर्वाह गर्ने क्रममा मानिसहरुको विभिन्न दल, समूह, वर्ग देखा पर्न थाले । यसै क्रममा पुरुष र महिलाका बीचमा पनि भिन्नता देखिन थाले । महिला भित्र पनि छोरी, बुहारी सधवा र विधवाका रुपमा देखिन थाले ।

नेपालमा मानिस-मानिस पाइने श्रेणीबद्धताले पनि श्रीमान्को मृत्यु भएका एकल महिलाहरु अरु महिलाभन्दा तल र अपहेलित हुनु परेको छ । यस्ता श्रेणीबद्धतालाई कायम राख्न समाजमा अवस्थित सामाजिक, साँस्कृतिक, धार्मिक, शैक्षिक, कानूनी, राजनैतिक संघ-संस्थाले टेवा पुऱ्याइरहेका हुन्छन् । जस्तै श्रीमानको सतमा बसुन्जेल मात्र मृत श्रीमान्को पेन्सन, क्षतिपूर्ति आदि पाइने गरेका प्रावधानले पनि एकल महिलाको स्वतन्त्रता माथि प्रश्न उठाएको छ (थापा, २०६२ : पृ. २१) ।

मानव जातिको संरचना नारीबाट निर्मित भएको हो । पपुलेशन रिफरेन्स ब्यूरो, वारिङ्गटन डि.सी. बाट प्रकासित “ओमेन एन आवर बर्ड १९९८” मा उल्लेख भए अनुसार विश्वमा महिलाको जनसंख्या करीब २.९४ अरब रहेको छ । यस मध्ये १५ देखि ३० वर्ष समूहमा १.५१ अरब छन् । उक्त रिपोर्ट अनुसार कुल जन्मदर ३.०० जना र सरदर आयु ६८ बर्ष देखिएको छ । सोहि प्रतिवेदनमा १९९५ मा ६४% महिला र ८०% पुरुषहरु साक्षर भएको देखिन्छ । सन् १९९५ सम्ममा १५ वर्ष माथिको श्रम क्षमतामा पुरुष ८२% र महिला ५४% रहेको पाइन्छ भने १९९० सम्ममा कृषि क्षेत्रमा पुरुष ४६% र महिला ५२% संलग्न भएको पाइन्छ । समग्र रुपमा हेर्दा पुरुषको तुलनामा महिलाहरु पछाडि नै परेको देखिन्छ (अधिकारी, २०६१ : पृ. २) ।

नेपाली समाजमा विधवा महिला भन्नाले विवाह पछि श्रीमती भन्दा श्रीमान्को मृत्यु पहिला भएमा त्यस्ता महिलालाई विधवा भनेर भनिन्छ । तर हाल एकल महिला भित्र श्रीमान्ले छोडेका, पारपाचुके गरेका, विवाह नगरी ३५ वर्ष उमेरसम्म बसेका, श्रीमान् हराएका र श्रीमान्को मृत्यु भएका विधवाहरु पनि एकल महिला समुह भित्र रहेको पाइन्छ । (WHR, 2009 A.D.) तर यस शोधपत्र विधवा महिलाहरुप्रति मात्र केन्द्रित रहने छ ।

जीवनकालमा एकपटक विवाह भै सकेको तर श्रीमान्को मृत्यु भई पुनः विवाह नगरेकी स्त्रीलाई विधवा भनिन्छ (CBU, पृ. १२५) ।

“विधवा” शब्द वैदिक भाषाबाट शुरु भएको शब्द हो । पछि यसले इण्डो-यूरोपियन भाषाको मान्यता प्राप्त गऱ्यो । ल्याटिन भाषामा “विधवा”, इटालियनमा “बेदवा”, स्पेनिसमा “विउदा” र फ्रेन्चमा “बेद” भन्ने गरिन्छ । नेपाली समाजमा “विधवा” अथवा “विधव” भन्ने चलन छ । नेपालमा विभिन्न जातजाति, भाषा भाषी अनुसार विभिन्न नाम दिइएको पाइन्छ । जस्तो तराईमा मैथिली भाषामा विधवा महिलालाई “राँडी” भन्ने गरिन्छ, जुन नेपाली भाषाको अत्यन्तै तल्लो स्तरको अपहेलित शब्द हो (थापा, बि.सं. २०६२) । नेपालमा विधवा महिलाहरु प्रायः धेरैजसो ब्राम्हण, क्षेत्री, हिन्दु र नेपाली भाषी भएको कुरा विभिन्न अनुसन्धानबाट प्रष्ट भएको छ । उनीहरु केवल २५% मात्रै साक्षर छन् । उनीहरु मध्ये धेरैले प्रा.वि. तहसम्म

मात्रअध्ययन गरेका छन् । ७७% घरमा विधवा महिला नै घरमूली छन् ।महिला प्रमुख भएका घरहरु पुरुष प्रमुख भएका घरको तुलनामा गरीब छन् र ९३% परिवारको संरचना एकात्मक छ (महर्जन, वि.सं. २०६६) ।

नेपाली समाजमा विधवा महिलाको सिन्दूर-पोते त्याग्नु पर्ने हुँदा सेतो वस्त्र लगाएका महिलाहरुलाई विधवा भनेर चिनिन्छ । 'विधवाको बाध्यता' भन्ने शीर्षकमा दुर्गा न्यौपानेको ०६२।०८।१९ को कान्तिपुरको पृष्ठ ६ मा उल्लेख भए अनुसार महिलाहरु जो हिजोसम्म आमा, श्रीमती, छोरी, बुहारी थिए कसैको मृत्यु हुनासाथ 'विधवा' भन्ने नामाकरण भएर तुरुन्त नै जन्म हुन्छ । रातो लुगा लगाउन नहुने सिन्दूर-पोते फाल्नु पर्ने नाकमा फुली लगाउन नहुने शुभ साइतमा अगाडि आउनु नहुने आदि नियमहरु विधवा माथि लागू हुन्छन् (न्यौपाने, २०६६ : पृ. ६) ।

नेपालमा सतीप्रथाको अन्त्य सँगै विधवाहरुलाई नियन्त्रण गर्ने सोचले विभिन्न प्रयासहरु भए । विधवा महिलाको पुर्नविवाहको सम्बन्धमा देशमा औपचारिक कानून भएता पनि विधवाले अर्को पति ग्रहण गर्नुलाई समाजले सहज रुपमा लिएको पाइदैन । जब कि विदुरलाई जति वटा श्रीमती बिहे गरे पनि समाजले छुट दिएका छन् । विधवा महिलाले विवाह गर्नु हुँदैन, पतिको सम्झनामा बस्नु पर्ने र परपुरुषको कल्पनासमेत नगरी बस्नु पर्दछ भन्ने परम्परागत मान्यता छ तर विधवा महिलाले पनि विवाह गर्नु हुन्छ भनेर विधवा महिलाले विवाह गरिदिनु आफ्नो कर्तव्य हो भन्ने जस्ता चेतना उद्भव हुनु समयको माग हो । यसको लागि प्रथमतः स्पष्ट कानून बन्नु पर्दछ (कँडेल, वि.सं. २०६४) ।

हिन्दू समाजमा विधवा विवाहले मान्यता प्राप्त गर्न सकेको छैन । यो समाजमा औपचारिक विवाहको उदाहरण नपाइएता पनि प्रेम विवाह वा पोइला जाने गरेका फाटफूट उदाहरण भने प्राप्त छन् । मंगोल सम्प्रदाय, मेचे, थारु, राजवंशी, सतार, चेपाङ जातिमा विधवा भाउजू देवरले विवाह गर्ने चलन छ । त्यस्तै चलन चेपाङमा पनि छ (कँडेल, २०६४) ।

तर हाल २०६६ सालको सरकारले विधवा महिलाको विवाहलाई प्रोत्साहन गर्ने उद्देश्यले सामाजिक सुरक्षा अन्तर्गत विधवा महिला विवाह गर्ने जोडीलाई रु

५०,०००।- को घोषणा गरेको थियो । जसको बारेमा सर्वब्यापी बिरोध भइरहेको छ । यस सम्बन्धी विधवा महिला स्वयंले समेत निन्दा गरेका छन् । विधवा महिलालाई आत्मनिर्भर बनाउनुको सट्टा झन् पचास हजारको सरकारी दाईजोको लोभ देखाएर आफुहरुको आत्मसम्मानमा ठेस पुऱ्याएको भन्दै स्वयं एकल महिलाहरुबाट नै त्यसको घोर विरोध भैरहेको छ । विधवा महिलाको आत्मसम्मानलाई पचास हजारमा बन्धकी बनाएको भन्दै ब्यापक बिरोध प्रर्दशन भएको थियो । स्वयं विधवा महिलाहरुले नै यसलाई पचास हजारको ललिपपको संज्ञा दिएका छन् र सरकारको यो घोषणा खारेजीको माग समेत गरेका छन् (आचार्य, वि.सं. २०६४) ।

यसै सन्दर्भमा वर्तमान अध्ययनले विधवा महिलाहरु पनि आर्थिक सामाजिक रुपले सम्पन्न भई आत्सम्मान पूर्वक बाँच्न पाउन् भन्ने उद्देश्यले यस सम्बन्धी थप अध्ययन गर्नु जरुरी देखिन्छ ।

## १.२ समस्याको कथन

समाजको विकास प्रक्रियामा पुरुषको तुलनामा महिलाहरु धेरै पछि परेका छन् । अहिले २१ औं शताब्दीमा पनि धेरै महिलाहरु घर गृहस्थीको सिमा पार गरेर बाहिर आउन सकिरहेको छैनन् । जसको कारण उनीहरुको आर्थिक अवस्था ज्यादै निम्न रहेको छ । नेपाली समाजमा महिलालाई तल्लो दर्जाको रुपमा हेर्नु र विधवा महिलालाई त झन तल्लो दर्जाको रुपमा हेर्नु एउटा साच्चिकै दु:खद कुरा हो । जसको कारण उचित शिक्षा, अवसर, रोजगारीको कमी र गरिबीको कारण र जनचेतनाको अभाव रहनु हो । नेपाली समाजमा विधवा महिलाहरुको सामाजिक, आर्थिक र वैवाहिक स्थितिको अध्ययन गर्नु वा एकल महिलाहरुको आत्मसम्मानको अध्ययन गर्नु सरसर्ती हेर्दा साधारण विषय देखिए तापनि इतिहासदेखि हालसम्म आइपुग्दा पनि विधवा महिला प्रतिको धारणामा परिवर्तन हुन नसक्नु समाजशास्त्रीय चासोको विषय बनेको छ ।

प्रख्यात भारतीय समाजशास्त्री कमला भासीनले पितृसत्तालाई एउटा प्रणालीको रुपमा लिएकी छिन् - “जहाँ पुरुषले अनेक बहाना बनाएर महिलालाई आफ्नो अधिनमा राख्ने गर्दछ ।” पितृसत्तामा महिलाहरुको उत्पादन शक्तिमा नियन्त्रण, महिलाहरुको प्रजनन सम्बन्धी नियन्त्रण, महिलाको यौनिकता, महिलाहरुको गतिशीलता र सम्पत्ति

तथा अन्य स्रोतहरुमा नियन्त्रण भएको हुन्छ । जसले गर्दा महिलालाई अगाडि बढ्न कठिनाई पर्दछ (खत्री, २०६७ : पृ. १०) ।

विश्वमा धनी राष्ट्रहरु देखि नै महिला र पुरुष विच विभिन्न किसिमका विभेद गरिएको पाइन्छ । त्यसमा पनि नेपाली समाजमा त त्यसको लेखाजोखा गर्न पनि कठिन छ । त्यस मध्ये पनि विधवा महिलाहरुलाई विभिन्न किसिमबाट विभेद गरेको पाइन्छ ।

नेपालको सन्दर्भमा कुरा गर्दा महिलाहरुको अवस्था उनीहरुप्रति समाजको धारणा, कानूनी, स्थिति, धर्मको आधारमा विकास भएको विकृति आदिलाई हेर्दा वर्तमान समयमा नेपालको महिलाको अवस्था पुरुषको दाँजोमा अत्यन्त न्यून छ । सन् १९४८ मा संयुक्त राष्ट्र संघले विश्वव्यापी मानव अधिकारको घोषणा गरे पनि र विभिन्न महासन्धीहरु नेपालमा पारित भए पनि राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक आदि दृष्टिकोणले हेर्दा महिलाहरु पुरुषको दाँजोमा पछि परेका छन् पछि परेका मात्र होइन महिलाको शोषण पनि भएको पाइन्छ । कृषि, मजदूरी र घरको सम्पूर्ण कामको जिम्मा महिलामा मात्र रहेको पाइन्छ । तर सम्पत्तिको अधिकार, उत्तराधिकारीको अधिकार र अन्य अधिकारहरु पुरुषको दाँजोमा महिलाको लागि कम छन् । महिलाले गरेको घरेलु श्रमको कार्यको मूल्याङ्कन हुँदैन (ओझा, २०६७ : पृ. ९) ।

विधवा महिलालाई अशुभ सम्झी उत्सव, पर्व, पूजाआजा जस्ता कार्यमा सहभागी हुन नदिने, विधवा महिलाको हातको भोजन ग्रहण नगर्ने, बोक्सीको दोष लगाउने, पोइ टोकुवा, पापीनी आदि जस्ता शब्द प्रयोग गरी विभिन्न लान्छन लगाउने प्रवृत्ति भने अत्यन्तै मर्माहित छ (कँडेल, वि.सं. २०६४) ।

प्राचीन धर्मशास्त्रले नारीलाई विवाह नहुँदा सम्म पिताको, विवाह पछि श्रीमान्को बृद्धअवस्थामा छोराको अधिनमा रहनु पर्ने बाध्यात्मक अवस्थाबाट महिलालाई नियन्त्रणमा राख्न खोजिएको पाइन्छ । जुन कुरा सरासर गलत छ । महिलाहरु त्यस मध्ये पनि विधवा महिलाहरुले पनि स्वतन्त्ररुपमा जीवन बिताउन पाउनु पर्छ ।

तर विद्धान तथा मूनीहरुको दृष्टिकोणमा सम्मानजनक अवस्था रहेको पाइन्छ । तर मनुस्मृतिमा मनुले "नार्यस्तु रमन्त तत्र देवता" अथवा जहाँ नारीलाई बुझिन्छ त्यहाँ देवता रमाउँछन् भनी व्याख्या गरेका छन् (मनुस्मृति) ।

एकातिर महिलालाई जीवन साथीको बिछोडको पिडा छ भने अर्को तिर सामाजिक रुपमा हुने वा दिने दवाब अर्को भयानक पिडा छ । नेपालका हरेक भागमा विधवा महिलाहरु रहेका छन् र तिनीहरुको बारेमा अध्ययन अनुसन्धान हुनु जरुरी छ । एकातिर महिला र पुरुष दुवैलाई एउटै रथका दुई पांग्रा भनिन्छ तापनि महिलालाई दोस्रो दर्जाको वस्तु र विधवा महिलाई तेस्रो दर्जाको रुपमा हेर्नु निश्चय पनि दुःखद हो (रिजाल, २०६०) ।

विधवा महिलाको अवस्थामा सुधार ल्याउन २६ फागुन २०६७ मा सर्वोच्च अदालतले सबै उमेरका विधवालाई भत्ताको व्यवस्था मिलाउन सरकारका नाममा आदेश दिएको छ (अस्तित्व एकल महिला समुह) यसले विधवा महिलाको आर्थिक स्थितिमा केही राहत मिले पनि युवा उमेरका विधवा महिलाको लागि विशेष किसिमका आयमूलक र सशक्तिकरणका कार्यक्रम संचालन गरी स्वनिर्भर बनाउनु आजको आवश्यकता हो ।

राज्य सरकारले पनि लैङ्गिक विभेद कम गर्ने कार्यक्रमहरु संचालन गर्न नसकेको देखिन्छ । सामुदायिक स्तरमा सामाजिक र धार्मिक मूल्य, मान्यताले लैङ्गिक विभेदलाई निरन्तरता दिन मद्दत पुऱ्याइरहेका छन् भने पारिवारीक स्तरमा घरायसी कार्यको निर्णय प्रक्रियामा समेत महिलाको कुनै भूमिका हुँदैन अथवा एकदमै कम भूमिका छ । सहरी क्षेत्रका केही पढे लेखेका महिलाहरुको अवस्था केही राम्रो भए पनि ग्रामीण इलाकाका अशिक्षित महिलाहरुको स्थिति अत्यन्त नाजुक छ (डंगोल, २००६) ।

विधवा महिलामध्ये हालसम्म पहिचान भएका ४४,००० रहेका छन् । हालसम्म ५४ वटा जिल्ला र २२५ वटा गा.वि.स. मा एकल महिला समुह गठन भैसकेका छन् (WHR, 2006) । नेपालको सन्दर्भमा हालसम्मलाई हेर्दा महिलाहरुको कार्यभार पुरुषको दाँजोमा २५% ले बडी छ त्यसमा पनि विधवा महिलाहरुको योगदान सराहनिय छ (राष्ट्रिय योजना आयोग/युनिसेफ, १९९२ A.D.) ।

हाल WHR  नामक संस्थाले विधवा महिलाको हकहितको लागि विभिन्न आवाजहरु उठाउँदै आएका छन् र उनीहरुको आर्थिक स्थिति मजबुत बनाउनको विभिन्न सिपमूलक तालिमहरु उपलब्ध गराउँदै आएको छ । विधवा महिलाहरुले उत्पादन गरेका हस्तकलाका सामानहरुलाई विभिन्न महोत्सवहरुमा विक्रिवितरण गराई उनीहरुको आर्थिक अवस्थालाई मजबुत बनाउने प्रयास गरेका छन् (WHR सन् २००९) ।

यसैगरी विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुले पनि विधवा महिलाको आर्थिक स्थितिमा सुधार ल्याउनेको लागि ग्रामिण क्षेत्र सम्म गएर उनीहरुलाई आय मुलक सीपहरु प्रदान गर्दै आएका छन् । ग्रामिण समुदायमा नै प्राप्त स्रोत साधनको प्रयोग गरी उनीहरुलाई नै परिचालन गरेर विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएका छन् । तर पनि विधवा महिलाहरुको जीवन स्तरमा खासै सुधार ल्याउन सकेको छैन । त्यसैले भविष्यमा यो भन्दा बढी सीपमुलक तालिमहरु प्रदान गरी उनीहरुको जीवनस्तरलाई जरै देखि मजबुत बनाउनु पर्ने देखिन्छ ।

यो अध्ययन केवल विधवा महिलाप्रति केन्द्रित छ । त्यसैले मुख्य रुपमा निम्न बुँदाहरुमा यो शोधपत्रको प्रश्नको रुपमा समावेश गरिने छ :

क) अध्ययन क्षेत्रका विधवा महिलाहरुको सामाजिक परिवेश के कस्तो छ ?

ख) विधवा महिलाहरुको आर्थिक स्थिति के कस्ता छन् ?

ग) विधवा महिलाप्रति समाजको धारणा के छ ?

घ) विधवा महिलाहरुले के कस्ता व्यवधानहरु समाजबाट भोग्न बाध्य छन् ?

ङ) विधवा महिलाको वैधब्य अवस्थाको अनुभव कस्तो छ ?

च) विधवा महिलाले पुर्नविवाहको कुरालाई कसरी लिन्छन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मूल उद्देश्य विधवा महिलाहरुको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गर्नु रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न छन् :

क) अध्ययन क्षेत्रका विधवा महिलाहरुको सामाजिक अवस्थाको बारेमा जानकारी हाँसिल गर्ने ।

ख) अध्ययन क्षेत्रका विधवा महिलाको आर्थिक अवस्थाको बारेमा अध्ययन गर्नु ।

ग) अध्ययन क्षेत्रका विधवा महिलाहरुले भोगेका समस्याको अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य

समाजले विधवा महिलाहरुलाई हेर्ने दृष्टिकोण र लगाउने लान्छनाप्रति उनीहरु के कति पिडित छन् र उनीहरुलाई दवाब दिने विभिन्न तत्त्वहरु के कति हदसम्म ठीक छन् वा छैनन् भनि अध्ययन गर्नु नितान्त आवश्यक देखिन्छ । यसै गरी गरिएका अध्ययनबाट नै विधवा महिलाहरुको वास्तविक अवस्थाका बारेमा जानकारी प्राप्त भई उनीहरुले भोग्नु परेका समस्याहरुको बारेमा पत्ता लगाई समस्याको समाधान गर्न मद्दत पुऱ्याउँछ ।

विधवा महिलाहरु पनि अन्य व्यक्ति सरह समाजको दृष्टिकोणमा छन् कि छैनन् र उनीहरुको अवस्था कस्तो छ ? त्यसबारेमा जानकारी लिनको लागि नै यस विषयको छनोट गरिएको हो । मानिस सामाजिक प्राणी स्वभाविक रुपमा हो । तर पनि उसभित्र पनि सामाजिक भावना फरक देखिन्छ । यसै सन्दर्भमा हाम्रा समाजका विधवा महिलाहरु सम्बन्धी हरेक सकारात्मक नकारात्मक पक्षहरुलाई अध्ययन गर्नु आवश्यक देखिन्छ ।

तसर्थ यस अध्ययनले विधवा महिला सम्बन्धी थप अध्ययन अनुसन्धान गर्न विभिन्न संघ संस्थाहरुलाई, नीति निर्माणकर्ताहरुलाई र व्यक्तिगत अनुसन्धान कर्तालाई मद्दत पुऱ्याउने छ ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको समिक्षा

यस खण्डमा विधवा महिलाका सामाजिक, आर्थिक र पुनः विवाहसँगै सम्बन्धित विभिन्न पूर्व साहित्यहरुको समिक्षा गरिनेछ । साथै विधवा महिलाहरुको आत्मसम्मानको अवस्था र समाजप्रतिको धारणाका विभिन्न सम्बन्धित पूर्व प्रकाशित सामग्रीहरुको पनि समिक्षा गरिएको छ ।

यो स्पष्ट छ की विश्वको आधा भाग महिलाले ओगटेको छ, महिला सहभागिता बिना कुनै पनि राष्ट्र वा समाज सम्पन्न अथवा विकास हुँदैन् । सन् १९७५ देखि नै विभिन्न विश्व महिलाहरुको हकहित महिला विकासका आवाजहरु उठदै आएका र सन् १९७५ मा पहिलो विश्व महिला सम्मेलन, १९८० मा दोस्रो विश्व महिला सम्मेलन ( नैरोबी), सन् १९८५ मा तेस्रो महिला सम्मेलन र चौथो विश्व महिला सम्मेलन १९९५ मा बेइजिङ्गमा सम्पन्न भैसकेको छ । यस्ता सम्मेलनमा महिला हक, हित, रोजगारी र अवसर तथा सम्पत्तिमा महिला अधिकारका धेरै कुराहरु उठाई सकिएको छ र महिला विरुद्ध हुने सबै प्रकारका भेदभावको उन्मूलन गरिनेछ भन्ने महासन्धी पनि संयुक्त राष्ट्रसंघले पारित गरिसकेको छ । तर पनि महिला त्यसमा पनि विधवा महिला भनी समाजले किन उपेक्षा गर्दछ ? त्यो हाम्रो चासोको विषय अवश्य हुनुपर्दछ ।

इतिहासदेखि नै विधवा महिलाको कुरा गर्दा सामाजिक, आर्थिक र पुनः विवाहको सम्बन्धमा अध्ययन गर्दा खासै परिवर्तन भएको छैन् । सम्मानजनक व्यवहार पनि पाइदैन् । प्राचीन समयमा धर्मलाई आधारमा मानेर कानूनहरु तयार पारिएको छ । २१ औं शताब्दीसम्म आइपुग्दा सम्म केही परिवर्तित कानून बने । जस अन्तर्गत परिवर्तित कानुनमा विधवा महिलाको अंशको हक, छुट्टै बस्न र पुर्नविवाह गर्न पाउने व्यवस्था छ । तर रुढीवादी परम्परा र अन्धविश्वास अनि पितृसत्तात्मक समाजले गर्दा व्यवहारिक रुपमा लागु हुन सकेन (रिजाल, २०६६) ।

## २.१ विधवा महिलाका सामाजिक अवस्था सम्बन्धित पूर्व प्रकाशित सामग्रीको समिक्षा

नेपालमा विधवा महिलालाई आफ्नो श्रीमान्को मृत्यु पश्चात "सिङ नभएको जनावर र लोग्ने नभएको आइमाई" भन्ने उखानको प्रभाव कुनै पहिचान नभएको स्थितिमा बस्न बाध्य गराइएका छन्, श्रीमान्लाई सीरको शोभाको रुपमा लिइनुले श्रीमान् नभएपछि महिलाको शिर नै निहुरीने भनाईले सबैलाई प्रभावित पारेको छ । विवाह पूर्व बाबुको नाम, विवाहपछि श्रीमान्को नाम र श्रीमान्को मृत्यु पछि छोराको नामबाट चिनिनु पर्ने पितृप्रधान समाजले महिलालाई सधै दमन गरेको छ । उनीहरुको आफ्नो स्वपहिचान छैन (थापा, वि.सं. २०६२) ।

नेपाली समाजमा उमेरको आधारमा दुई प्रकारका विधवा महिलाहरु रहने चलन छ । एउटा वाल विधवा महिला र अर्को प्रौढ विधवा महिला हुन् । केवल विवाहको विधि मात्र  पुरा भएको तर पतिसँग कुनै शारिरिक सम्बन्ध नभई पतिको मृत्यु भएको महिलालाई बाल विधवा महिला भनिन्छ । जसलाई पति पत्निको सम्बन्धको बारेमा केही  पनि थाहा भएको हुँदैन । अर्थात कलिलै उमेरमा विवाह भई उमेर पुग्न नपाउँदै लोग्नेको देहवसान भएको रहेछ भने त्यस्ता महिलालाई बाल विधवा भनिन्छ । अर्को प्रौढ विधवा महिला जसालाई पनि पत्नीको सम्बन्धको बारेमा थाहा हुन्छ तर कसैको बाल बच्चा हुन्छन् कसैको हुँदैनन् बच्चा बच्ची भएपनि नभए पनि उमेर पुगेर पति सँग दाम्पत्य जीवन बिताएको पत्नीलाई लोग्ने मरे पछि विधवा भन्ने चलन छ (ओझा, २०५६) ।

हिन्दुधर्मका विधवा महिलाको तुलनामा सम्प्रदाय वा बौद्ध धर्ममा विधवा महिलाको अवस्था सन्तोषजनक रहन्छ । राउटे जातिमा एकल महिलालाई निच सम्झी झुपडिमा लगेर राखिन्छ । हिन्दु धर्ममा उच्च जातिहरुमा विधवा महिलाहरुलाई अवहेलना गरिन्छ (कँडेल, वि.सं. २०६४) । अधिकांश विधवा महिलाहरुको विवाह सानै उमेरमा हुने हुँदा शिक्षामा पहुँच नहुने रोजगारी र सम्पतिमाथि पूर्ण अधिकार नहुने र परनिर्भर हुनुपर्ने बाध्यताको कारणले सामाजिक, साँस्कृतिक तथा शारिरिक, मानसिक तथा यौन हिंसाको सिकार हुन बाध्य छन् (WHR, 2009 A.D.)।

लेन बेनेटले (Bennet : 1983) नारीकोटमा गरेको एक अध्ययनमा उच्च जातिका महिलाहरुको लैङ्गिक पुरुषको भन्दा निम्न रहेको देखाइएको छ । यसमा एकातिर महिलालाई देवीको रुपमा पूजिएको र अर्कोतिर दासीको रुपमा लिइएको कुरा देखाइएको छ । Bennet ले छोरी बहिनीलाई माइतीमा पवित्र रुपमा हेरिएको र विवाह पश्चात् बुहारीलाई खतराको प्रतिकको रुपमा हेरिएको छ । यहाँ बेनेटले महिलाको द्वैध भूमिकालाई प्रष्टाएकी छिन् । यस अधययनमा बेनेटले Patrifocal र Filafocal Model मा वर्णन गरेकी छिन् । Filiafocal Model अनुसार माइतीमा महिलाको हैसियत उच्च हुने, छोरी, दिदी, बहिनीको रुपमा पूजिने, सम्मान गरी दान दक्षिणा गरिने र देवीको रुपमा पूजिने साथै शुद्धताको प्रतिकको रुपमा लिने गरिन्छ । जसले गर्दा महिलाको स्थान माइतीमा उच्च रहेको पाईन्छ । Patrifocal Model का अनुसार महिलाहरु विवाह पछि श्रीमान्को घरमा जानुपर्ने, बुहारी, श्रीमती, आमाको स्थान ग्रहण गर्नुपर्ने, अपवित्रतको रुपमा हेरिने र खतराको प्रतीकको रुपमा लिने कुरालाई Bennet ले प्रष्ट पारेकी छन् । यहाँ छोरी र बुहारीको हैसियत पितृसत्तात्मक समाजमा फरक रहेको देखाइएको छ । त्यस्तै श्रीमतीलाई अपवित्रता, खतरा, कामेक्षा राख्ने महिलाको रुपमा र आमालाई ममतामयी जीवनदाताको रुपमा हेरिने र छोरीलाई पवित्रताको रुपमा हेरिने कुरालाई देखाइएको छ । आमाको दुधलाई, दिदी बहिनी र दाजुभाइ बीचको सम्बन्धलाई पनि पवित्रताको रुपमा हेरिन्छ ।

हिन्दू धर्मशास्त्रमा विधवा महिला शुभ-साइत वा चाडवाडमा अगाडि परे काम बिग्रने सम्भावना भएकाले शुभ कार्यमा अगाडि नआउन उत्तम मानिन्छ । बौद्ध धर्ममा त्यतिविधि अमानवीय व्यवहार नगरिए पनि हिन्दू धर्मको प्रभावले कतिपय व्यक्तिहरुले त्यस्तै गर्ने गर्दछन् । यस्ता परम्पराहरु जाती अनुसार फरक हुन्छन् । नेपालकै जनजातिहरुमा लगाउने कुरामा त्यतिविधि बार्नु पर्दैन । श्रीमान्को मृत्यु भएपनि रातै लगाउँछन् (थापा, २०६२ : पृ. ९) ।

विधवा महिलाहरुको शिक्षामा पहुँचलाई हेर्दा जम्मा २% विधवा महिलाले मात्र उच्च शिक्षा प्राप्त गर्न सकेका छन् । जसको कारण विधवा महिला तथा उनीहरुका बालबालिकाहरु उच्च जोखिम युक्त क्षेत्र जस्तै चेलिबेटी बेचबिखन, यौनजन्य

क्रियाकलाप तथा घरेलु कामदारको रुपमा काम गर्न बाध्य भएको पाइन्छ (थापा, वि.सं. २०६५) ।

त्यस्तै विधवा महिलाहरुलाई दुर्व्यवहार गर्नेमा सबैभन्दा बढी लोग्ने मानिसहरु हुन्छन् । त्यसपछि उनीहरुले क्रमशः नातागोताबाट, समाजका व्यक्तिहरुबाट, श्रीमान्का आफन्त र साथीभाईबाट माइतीका परिवारबाट दुर्व्यवहार भोग्दछन् (गोरखापत्र दैनिक, २०६६) ।

## २.२ विधवा महिलाका आर्थिक अवस्था सम्बन्धित पूर्व साहित्य समिक्षा

संसारमा प्रत्येक विगतभन्दा वर्तमानमा मानिसहरु बढी प्रभावित भएका छन् तर उनीहरुको सबै कुराको प्राप्तीको लागि उनीहरु अझै पनि पुरुषसँग समानताको लागि न्यूयोर्क देखि जापान सम्म संघर्ष गरिरहेको छन् ।

मिना आचार्य र लिन बेनेटले नेपालमा महिलाको स्तर सम्बन्धमा एक अध्ययन (नेपालमा ग्रामीण महिला, १९९१) मा महिला र पुरुषको घरेलु कामकाजको स्तरमा समयको बाँडफाँडको ढाँचासँगै सम्बन्धित छ, जसमा जोत्ने कार्य बाहेक महिलाहरुले कृषिको प्रायः सबै क्रियाकलाप गर्दछन् र उनीहरुको दैनिक श्रम लगानी ९ घण्टा छ जबकी पुरुषको ५ घण्टा मात्र छ तर यस किसिमको संलग्नताको मात्र जातजाति समूह तथा सामाजिक वर्गहरु अनुसार फरक पाइन्छ । यसरी खेतीपातीमा महिलाको पुरुषको भन्दा बढी संलग्नता भएर पनि उनीहरुको कार्यलाई अनुत्पादिक कार्यको रुपमा लिइन्छ (अधिकारी, २०६५) ।

नेपाली महिलाहरुले अन्यत्र जस्तै पुर्नःउत्पादन, घर व्यवहार तथा खेतीपातीको काम जस्तै त्रय (Tripple) उत्तरदायित्व बोकेको छ तर पुर्नःउत्पादनलाई कामको रुपमा मानिदैन र घर गृहस्थीलाई उत्पादन गर्ने कार्यको रुपमा मानिदैन र सरकारी पद्धतिबाट पनि महिलाहरु शिक्षा, आत्मनिर्भर तथा निर्णय प्रक्रियाका लागि आवश्यक छ, त्यस्ता अवसरहरुमा भेदभावपूर्ण व्यवहारबाट पिडीत हुनुपरेको छ ।

त्यस्तै विधवा महिलाहरु विभिन्न खाले हिंसाबाट पिडित छन् । तर प्रायः हिंसाका घटना बाहिर आउँदैनन् । त्यसमध्ये ४८ प्रतिशत विधवा महिला मानसिक

रुपमा पीडित छन् । १८ प्रतिशत दुर्व्यवहारबाट पीडित छन् । १३ प्रतिशत आर्थिक दुर्व्यवहारबाट, ७ प्रतिशत शारीरिक दुर्व्यवहारबाट र २ प्रतिशत यौन दुर्व्यवहारबाट पीडित छन् (गोरखापत्र दैनिकी, २०६६) ।

श्रीमान्को मृत्युपश्चात् विधवा महिलालाई आर्थिक रुपमा सहायता श्रीमान्को साथीबाट २ प्रतिशत, छिमेकी वा साथीहरुबाट ६ प्रतिशत, पारिवारीक सदस्यहरुबाट २२ प्रतिशत, अभिभावकको घरबाट (Parental Home) २२ प्रतिशत, श्रीमान्को पेन्सनबाट २ प्रतिशत, स्वयं आफूबाट ४४ प्रतिशत हुने गरेको र १ प्रतिशतलाई कुनै सहायता नहुने पाइएको छ (WHR, 2009)।

## २.३ विधवा महिलाको पुर्नविवाह सम्बन्धित अध्ययन

हिन्दु समाजमा विधवा महिलाको विवाहलाई सामाजिक तिरस्कार नगरिएतापनि त्यति राम्रो भने मानिंदैनथ्यो । सकेसम्म अविवाहित कन्यासँग नै विवाह गर्न सबै प्रदत्त हुन्छन् । हरिसिंहदेव र देवलदेवीका छोरा कर्नाटक राजकुमारमा जगतसिंहले उपत्यकाका राजा रुद्रमल्ल (वि.स.. १३८२ मा मृत्यु) को छोरी विधवा नायकदेवीसँग विवाह गर्दा के कस्तो प्रतिक्रिया उत्पन्न भयो भन्ने उल्लेख पाइँदैन तर पछि वि.सं. १८५१ तिर श्री ५ रणबहादुर शाहले कान्तिमती नामक विधवा ब्राम्ह्णीसँग विवाह गर्दा भने ठूलै खैलाबैला भयो । त्यस घटनाले कट्टरवादी ब्राम्ह्ण वर्ग निकै असन्तुष्ट भएको कुरा इतिहासमा उल्लेख छ । तसर्थ प्राचीनकालदेखि प्रचलित विधवा विवाह प्रथा सामाजिक तथा कानूनी मान्यता प्राप्त भए पनि मर्यादित रुपमा हेरिएको पाइँदैन ( संग्रौला, २०५७) ।

एकल महिलाको पुनः विवाहलाई लिएर विभिन्न जातजाति, धर्म अनुसार फरक-फरक अवस्था भए तापनि हिन्दू समाजमा यसलाई राम्रो मानिंदैन । विधवाले विवाह गर्नु हुँदैन भन्ने हाम्रो समाजमा परम्परावादी धारणा छ । यदि विवाह गऱ्यो वा अन्य लोग्ने मान्छेसँग सम्बन्ध राख्यो भने त्यसलाई समाजले राम्रो मान्दैन ।

सन्तान नभएका एकल महिला छन् भने र कसैको सहारा पनि नभएका महिला छन् भने सोलाई पुनः विवाह गरिदिएको घटनाहरु पनि छन्, तर विवाह नभएको कुमार

केटाले नै विवाह गरेको कुरा त्यति सुन्न पाइँदैन । पश्चिमेली समाजमा पनि विधवा महिलाहरु श्रीमती नभएका पुरुषसँग बस्ने गरेको पाइन्छ (थापा, २०६२ : पृ. ५०) ।

पुनः विवाह गर्न पाउनु हरेक एकल महिलाको अधिकार हो । यदि उनीहरुले विवाह गर्न चाहेमा दोस्रो पुरुषसँग विवाह गर्न पाउनु पर्छ । तर पुनः विवाह मात्र एकल महिलाका समस्याको समाधान नहुन सक्छ एकल महिलाको पुनः विवाह गर्दा सुरक्षा पाउने र यौन सम्बन्ध राख्ने सोचले मात्र नगरेर समझदारीको पुरुष जसले उनी र उनको पहिलो श्रीमान्को बालबच्चा (यदि भएमा) लाई पनि इज्जतका साथ राख्न सक्ने भेटिएमा पुनः विवाह गर्न राम्रो हुन्छ (थापा, २०६२ : पृ. ५१) ।

आफ्नो खुट्टामा उभिन सकेमा र राम्रो विश्लेषण गर्न सक्ने क्षमता भएमा कुनै पनि एकल महिलाले आफैं गरेर खान सक्छिन् र दोस्रो विवाह कस्तो पुरुषसँग गर्न राम्रो हुन्छ भन्ने रामरी बुझेर मात्र पुर्नविवाह गर्नु राम्रो हुन्छ ।

हिन्दु उच्च जातिहरुमा विधवा महिला विवाह स्वीकार्य हुँदैन, तर तल्ला जातिहरुमा पारपाचुके, विधवा महिलाको विवाह जस्ता कुरा अति सामान्य मानिन्छन् । राई जातिमा विधवा विवाह सहज मानिन्छ (कँडेल, २०६४) ।

हिन्दू स्मृतिकारका मध्ये केहीले विधवाको पुर्नविवाहलाई समर्थक गरेतापनि हाम्रो समाजको ठूलो संस्थाले अझै सहन गर्न सकेको छैन । तरुनी विधवा महिलाहरुको अवस्था त झन दर्दनाक छ । यस्ता विधवा यूवतीहरुलाई सधैं कसैसँग बिग्रन्छेकी भनी भय वा शंकाले हेर्ने गरिन्छ । यस्ता महिलाहरु कसैसँग पोइला गई गर्भरही बच्चा जन्मिएमा हेलाको दृष्टिले हेरिन्छ (कँडेल, २०६४) ।

## २.४ विधवा कानुनी प्रावधान

महिलाप्रति हुने विभिन्न विभेदपूर्ण पक्षका कारण उनीहरुको स्थिति अझ कमजोर भएको छ । साथै कानूनी व्यवस्थामा पनि विभेद हुनाले महिलाहरुको मानसिक र शारीरिक रुपमा नकारात्मक परिणाम ल्याएको छ । जसले गर्दा समाज र देश विकासमा नकारात्मक प्रभाव परेको छ । त्यसमा पनि विधवा महिलाहरु बिरुद्धको

भेदभावको कानूनी प्रावधानले महिलाहरुलाई निम्न लिखित नकारात्मक असर पारेको कुरा रिजाल (२०६०) बताउँछन् ।

- महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गरिनाले आर्थिक परनिर्भरता बढ्नु ।
- बहुविवाह गर्न प्रोत्साहित गरेको महिलामा हिनताबोधको भावना जागृत भएको र महिला बेरोजगारी संख्यामा बृद्धि भएको ।
- महिला विरुद्ध घरेलु हिंसा र चेलीबेटी बेचबिखनको घटनामा बृद्धि भएको ।
- महिलाका घुमफिर, आवतजावत तथा बसोबास गर्ने स्वतन्त्रता कुन्ठित भएको ।

यसरी महिलाहरु हरेक क्षेत्रमा दमित, शोषित, पिडित छन् । घरेलु हिंसा, यातना भोग्न बाध्य छन् । त्यस्तै समाजबाट विधवाहरुलाई अवहेलना गरिने, अविश्वास गरिने, असुरक्षित रहने, सासु र घरपरिवारबाट तिरस्कृत हुनु परेको छ ।

सम्पतिमा विधवा महिलालाई अधिकारको बारेमा आचार्य (२०५५) अनुसार :-

१. संयुक्त परिवारको सम्पत्तिमा श्रीमान्को जति अधिकार हुन्छ जसको मृत्यु पश्चात् विधवाको पनि त्यति नै अधिकार हुन्छ ।
२. पाकिस्तानमा सिया (Shia) र सुन्नी (Sunni) धार्मिक संप्रदाय छन् र उनीहरुको कानून पनि बेग्लै छ । जस अनुसार सुन्नी धर्मावलम्बी कानून अनुसार श्रीमान्को सम्पति ८ भाग लगाई एक भाग पत्नीले पाउने व्यवस्था छ । त्यस्तै सन्तान नभएको विधवा भएमा ४ खण्डको एक खण्ड पाउने व्यवस्था छ ।
३. सीया धर्मावलम्बीको भने सन्तानहिन विधवालाई चल सम्पति ४ खण्डको एक खण्ड दिने तर अचल सम्पतिमा नदिने चलन छ र अचल सम्पति बेचबिखन गर्दा पाएको सम्पति भने ४ खण्डको एक खण्ड दिनुपर्छ । साथै श्रमिान्को लगाएको ऋणमा पनि ४ खण्डको एक खण्ड भागिदार हुनुपर्दछ ।

अंशबण्डाको महल १२ नं. अनुसार एकघरमा बसेकी छोरा नहुने विधवाले ३० वर्ष ननाघि सँगै बस्ने हकवालाले आफुसरह खान, लगाउन, दान पुण्य गर्न दिएसम्म अंश लिई भिन्न बस्न पाउँदिन् । सो बमोजिम नभएमा ३० वर्ष उमेर पुगेपछि अंश लिई भिन्न बस्न पाउँछे । अंश बण्डाको महल १६ नं. अनुसार ३५ पुगेपछि छोरासरह अंश पाउँछे । अंश लिई सकेपछि विवाह भयो वा पोइला गई भने उसले अंशबाट ऐन बमोजिम विवाह खर्च परसारी बाँकी सम्पति दाजुभाईलाई फिर्ता दिनुपर्छ (आचार्य, २०५५) ।

मूलुकी ऐन एघारौं संशोधनले विधवा महिलाहरुको चल अचल सम्पति स्पष्ट रुपमा व्यख्या गर्दै कानूनी हकलाई सुरक्षित गरिदिएको छ । जस अनुसार विधवा बुहारीलाई पनि छोरा सरह नै अंश दिइनु पर्ने व्यवस्था गरेको छ । जसले गर्दा बुहारीलाई हेर्ने समाजको दृष्टिकोण सकारात्मक परिवर्तन हुँदै जाने संकेत पाइन्छ ।

मूलुकी एन एघारौं संशोधन २०५८ को १२ अनुसार आफुले चाहेमा अंश लिई भिन्न बस्न पाउँछे । सन्तान नभएका विधवा वा विदुरले अर्को विवाह गरेमा सन्तान नाबालक भएसम्म त्यस्ता सन्तानको पालनपोषण र शिक्षाको व्यवस्था सोहि सम्पतिबाट गर्न पाउँछन् तर बाँड्न र बेचबिखन गर्न पाउँदैनन् । पछि सन्तान ठूलो भएपछि आफ्नो अंश भाग आफुखुशी गर्न पाउँछन् । त्यस्ती विधवाले अर्को विवाह गरि कुनै सन्तान नभएमा निजको शेष पछि निजले पाएको त्यस्तो सम्पति अघिल्लो लोग्ने पट्टिको हकवालाले पाउँछ (मूलुकी ऐन एघारौं संशोधन, २०५८) ।

CEDAW को १६ नं. को बुँदाले महिलामाथि हुने सबै असमान कानून हटाउनुपर्ने र श्रीमान् श्रीमती दुवैको घर-जग्गा सम्पतिमा स्वामित्व हुनुपर्ने कुरा उठाएको छ । तर यी दुवै कुरालाई नेपालको विधवा महिला माथि त्यति धेरै लागू भएको पाइँदैन । किनकी श्रीमान्को मृत्युपछि कतिपय विधवा महिलाले सजिलैसँग आफ्नो सम्पति पाउन सकिरहेका छैनन् । नेपालमा भर्खरै भएको एघारौं संशोधनले विधवा महिलाहरुले सम्पतिमा हक अधिकार प्राप्त गर्न ३५ वर्ष कुर्नु नपर्ने र पुर्नविवाह गरेपनि आफ्नो भाग सम्पति लिएर जान पाउने प्रावधान रहेको छ । तैपनि विधवा

महिलाले सम्पतिमाथिको आफ्नो निर्णय गर्न पाउने अधिकारलाई १६ वर्ष माथिको छोराको स्वीकृति लिनुपर्ने बाध्यता छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले भने महिला भेदभाव नगर्ने जनाएको छ । समान कामको लागि समान ज्याला, विधवा महिला संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष प्रबन्ध, रातो बस्त्र र श्रृंगारका सामान इच्छा अनुसार प्रयोग गर्न पाइने जनाएको छ (कँडेल, २०६४) ।


हाल विधवा महिलाको अवस्था सुधार ल्याउन भएका प्रयत्नहरुमा : (कँडेल, २०६४) का अनुसार यस प्रकार छन् :

- मुलुकी ऐन एघारौं संशोधन विधवाले चाहेमा जुनसुकै समयमा पनि आफ्नो भागमा परेको सम्पत्ति लिई छुट्टै बस्ने र पुर्नविवाह गरेको अवस्थामा पनि आफ्नो भागमा परेको सम्पत्ति लिएर जान पाउने व्यवस्था गरेको छ । यो कानूनले विधवा विवाहलाई समेत हौसला बढाउने देखिन्छ ।
- आफ्नो छोराछोरी नभएका विधवा वा अन्य महिलाले धर्मपुत्र वा धर्मपुत्री राख्न सक्दछ ।
- ६० वर्षभन्दा माथिका विधवा महिलालाई सरकारले विशेष भत्ता दिने व्यवस्था गरेको छ ।
- आफ्नो सम्पत्तिको स्वतन्त्र रुपमा आफूखुशी गर्न सक्दछ ।
- दशौं योजनाले विधवा महिलालाई रोजगारमूलक तालिम दिएर स्वरोजगार गर्न सक्षम तुल्याउने लक्ष्य राखेको छ ।
- अन्तरिम संविधान २०६३ ले विधवा महिलाको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिएको छ ।
- कसैबाट जबरजस्ती करणी हुन गएमा पीडित महिलाको अभियुक्तबाट आधा अंश क्षतिपूर्ति बापत पाउने व्यवस्था छ ।
- कानुनको निश्चित शर्त र अवधिमा रहेर गर्भपतन गराउन पाउने ।

- बोक्सीको आरोप लगाई समाजबाट बहिस्कार गर्ने, अमानवीय व्यवहार गर्नेलाई जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था गरेको छ ।
- थुनामा रहेको बखत हेरबिचार गर्ने पुरुषले करणी गरेमा त्यस्ता व्यक्तिलाई एक देखि तीन वर्षसम्मा कैद र कानूनले हुने अरु थप सजाय पनि हुन सक्छ ।

यसै सन्दर्भमा वर्तमान अध्ययनले पनि माथि भनिएको सामाजिक, आर्थिक पुर्नविवाह र कानूनी पक्षका बारेमा काठमाडौं महानगरपालिका वडा नं. १४ कुलेश्वर आवास क्षेत्र ब्लक सी का विधवा महिलाहरुको कुरालाई विश्लेषण गरिएको छ ।

## २.५ विधवा महिलाको स्थिती विश्लेषणको लागि अध्ययनको अवधारणात्मक खाका




माथिको चार्ट अनुसार विधवा महिलाको स्थितिलाई सामाजिक, व्यवस्था, साँस्कृतिक मान्यता र आर्थिक व्यवस्थाले निर्धारण गरेका हुन्छन् ।

सामाजिक व्यवस्था अन्तर्गत महिलाको गतिशीलता, महिलाको शिक्षा, महिलाको नेतृत्वदायी भूमिका, घरायसी कार्यमा, निर्णय प्रक्रियामा महिलाको भूमिका, महिला अधिनता, महिलाको पहुँच, परिवारको किसिम आदि पर्दछन् । पितृसत्तामा पुरुषको सर्वेसर्वा हुन्छ । पितृसत्तामा महिलाको गतिशिलता, शिक्षामा पूर्ण नियन्त्रण गरेको हुन्छ । फलस्वरुप महिलाहरु अशिक्षित हुने हुँदा नेतृत्वदायी भूमिकामा पनि कमि रहन्छ । उनीहरु धरायसी कार्यमा रात दिन घोटिदा पनि त्यस कामको कुनै मुल्याङ्कन हुँदैन यस्ताकार्यलाई अनुत्पादक कार्य मानिन्छ । सार्वजनिक क्षेत्रहरुमा उनीहरुको कुनै पहुँच पुग्दैनन् । तर पनि महिलाहरु पुरुषको अधिनता स्वीकार गर्न बाध्य हुन्छन् । त्यसमा पनि विधवा महिलाहरुको सामाजिक स्थिती त झनै नाजुक रहेको पाइन्छ । यसको मुख्य कारण नै पितृसत्ता हो जसले सामाजिक व्यवस्थालाई निर्देशित गरिरहेका हुन्छन् ।

त्यस्तै साँस्कृतिक मुल्य मान्यता अन्तर्गत धर्म, चाडपर्व, संस्कार र पुजाआजा पर्दछन् । पितृसत्तात्मक समाजका साँस्कृतिक मूल्य मान्यता अनुसार विधवा महिलालाई निम्न स्तरमा राखिएको हुन्छ । पितृसत्तात्मक समाजमा विधवालाई धार्मिक तथा मंगल कार्यबाट बन्चित गर्ने अशुभ मान्ने गरिन्छ जसले गर्दा उनीहरु मानसिक रुपले कमजोर हुँदै जान्छन् । पितृसत्तात्मक साँस्कृतिक मूल्य मान्यता अनुसार विधवा विवाह बन्चित गरिएको छ ।

विधवा महिलाको स्थितीलाई आर्थिक प्रणालीले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । आर्थिक व्यवस्था अन्तर्गत सम्पत्तिमाथि महिलाको पहुँच महिलाको पेशा, महिलाको व्यक्तिगत आदि पर्दछन् । तर यी सबै निकायहरु पितृसत्ताका अधार स्तम्भ हुन जसले हरबखत महिलालाई दमन गरिरहेका हुन्छन् ।

माथिको अवधारणात्मक खाकामा महिलाहरुको हरेक अवस्थालाई पितृसत्ताले दमन गरिरहेको र पितृसत्ता भित्रका विभिन्न सामाजिक साँस्कृतिक र आर्थिक मूल्य मान्यताहरु महिला बन्धनको रुपमा रहेको कुरालाई यस खाकाले प्रष्ट पारेको छ ।

# अध्याय तीन

## अध्ययन विधि

कुनै पनि  वस्तुको अध्ययन गर्नको लागि सर्वप्रथम उपयुक्त शीर्षकको छनोट गर्नु पर्ने हुन्छ । त्यसपछि मात्रै कुनै ठाउँमा जाने हो त्यसको लागि शीर्षकसँग मिल्ने गरी स्थल छनोट गर्नु पर्ने हुन्छ । जुन उद्देश्य तथा विषयवस्तुसँग मेल खाने किसिमको हुनुपर्दछ ।

### ३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य

अनुसन्धानको विषयवस्तु सामाजिक परिवेशमा केन्द्रीत रहेको हुनाले यस अध्ययनलाई उपयुक्त तवरले सम्पन्न गर्न काठमाडौं महानगरपालिका अन्तर्गत वडा नं. १४ कुलेश्वर आवास क्षेत्रलाई अध्ययन स्थलको रुपमा लिइएको छ । यस भन्दा पहिले जति पनि विधवा महिलाहरुको अध्ययन अनुसन्धान भएका छन् ती सबै ग्रामीण क्षेत्रमा मात्र केन्द्रित भएर  गरेको पाइन्छ । तसर्थ शहरी क्षेत्रमा पनि विधवा महिलाहरुको सामाजिक, आर्थिक आत्मसम्मानको अवस्था र वैधव्य अवस्था तथा पुनः विवाहप्रतिको धारणा के कस्तो छ भनेर केलाउने क्रममा कुलेश्वर आवास क्षेत्र वडा नं. १४ लाई उपयुक्त अध्ययन स्थलको रुपमा छनौट गरिएको छ ।

### ३.२ अनुसन्धानको ढाँचा

कुनै पनि अनुसन्धान गर्नको लागि मुख्य रुपमा अनुसन्धानको ढाँचालाई नै महत्त्वपूर्ण रुपमा लिइन्छ । यसले अनुसन्धान गर्ने क्षेत्रको बारेमा अध्ययन गर्न खोजिएको तथ्याङ्कलाई विश्लेषण गर्न सहयोग पुग्दछ । समाजशास्त्र मानवशास्त्रको अध्ययन गर्नको लागि यस्ता अनुसन्धानका ढाँचाहरु धेरै प्रकारका छन् । प्रस्तुत अध्ययन वर्णनात्मक र अन्वेषणात्मक दुबै अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । यस अध्ययनमा विधवा महिलाहरुको सामाजिक, आर्थिक अवस्था, समाजप्रतिको धारणा, उनीहरुको वैधव्य अवस्था र पूर्नविवाहको सम्बन्धमा अन्वेषण र वर्णन गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत

कुनै पनि अध्ययन अनुसन्धान र प्रतिवेदन तयार पार्नको लागि तथ्याङ्कको आवश्यक पर्दछ । ती तथ्यहरु विश्वसनीय हुन जरुरी छ यस्ता तथ्याङ्क संकलन गर्ने विभिन्न माध्यमहरु हुन सक्दछन् । यस अध्ययनमा विशेषगरी गुणात्मक र संख्यात्मक विधि दुवैलाई लिइएको छ ।

कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्दा तथ्याङ्क नै अध्ययनको मुख्य अंश रहेको हुन्छ । यस अध्ययनमा २ वटा तथ्याङ्कका स्रोतहरुलाई लिइएको छ । जुन यस प्रकारका छन् ।

### ३.३.१ प्राथमिक स्रोत

यस अन्तर्गत अध्ययन क्षेत्रका विधवा महिलाहरु नै हुन् । उनीहरुका बारेमा नै विविध प्रश्नहरु तयार गरी प्रत्यक्ष अर्न्तवार्ता लिई उनीहरुको मनोभावनाको समते अध्ययन गरी विभिन्न सूचनाहरु संकलन गरी शोधलाई पूर्णता दिने प्रयास गरिएको छ ।

### ३.३.२ द्वितिय स्रोत

तथ्याङ्क संकलनका द्वितिय स्रोत पनि मुख्य स्रोतको रुपमा रहन्छ । यस अन्तर्गत मुख्यरुपमा विभिन्न विद्धानहरुका पुस्तक, लेख, रचना र यस भन्दा अगाडि गरिएका अनुसन्धानहरुलाई समेत समेट्ने प्रयास गरिएको छ । त्यसपछि दैनिक रुपमा हुने पत्रपत्रिका, सरकारी तथा गैर सरकारी संस्थाबाट प्राप्त सूचनाहरु लिइएको छ ।

## ३.४ अध्ययनको समग्रता, एकाई विश्लेषण

यस अध्ययन क्षेत्रमा कुल ३० जना विधवा महिलाहरु रहेका छन्, ती सबैलाई अध्ययनमा समावेश गरिएको छ । त्यसैले यो नै अध्ययनको समग्रता हो । काठमाडौं महानगरपालिका वडा नं. १४ कुलेश्वर आवास क्षेत्र ब्लक 'सी' का सम्पूर्ण उत्तरदाताहरुसँग प्रत्यक्ष भेटी तथ्याङ्क संकलन गरिएको छ । अध्ययन गर्दा जनगणना विधि अपनाइएको छ । त्यसैले अध्ययन क्षेत्रका व्यक्तिलाई नै विश्लेषणको एकाई मानिएको छ ।

### ३.५ तथ्याङ्क संकलनका विधिहरु

अनुसन्धानमा तथ्याङ्क संकलन गर्ने विधिहरु हुनसक्दछन् । अध्ययनको प्रकृति, विषयवस्तु, व्यापकता, समयको उपलब्धता आर्थिक अवस्था आदि कारणले तथ्याङ्क संकलनका लागि प्रयास गरिने साधनलाई असर पर्दछ । यसै अनुसार तथ्याङ्क संकलन साधनहरु निम्न अनुसार छन् ।

#### ३.५.१ अन्तरवार्ता

अन्तरवार्ता विधि अनुसन्धानको मुख्य विधि रहेको छ । अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्कहरु संरचित प्रश्नहरुको आधारमा अध्ययन क्षेत्रका विधवा महिलाहरुको शैक्षिक स्थिति, विवाह गर्दा र विधवा हुँदाको उमेर, उनीहरका श्रीमान्को मृत्युका कारण, परिवारका किसिम, आयस्रोत, वैध्यव्य अवस्था प्रतिको महसुस, समाज प्रतिको दृष्टिकोण पूर्नविवाह प्रतिको धारणा आदि जस्ताको तथ्याङ्कलाई अन्तरवार्ता विधिबाट लिइएको छ ।

#### ३.५.२ अवलोकन विधि

अनुसन्धानमा अवलोकन विधिलाई पनि मुख्य विधिको रुपमा लिइन्छ । उत्तरदातालाई अर्न्तवार्ता लिने क्रममा पनि यो विधिको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रका विधवा महिलाहरुको लवाई, खुवाई, शारीरिक अवस्था, कामको प्रकृति आदि पक्षको सूचना अवलोकन विधिबाट लिइएको छ ।

### ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण

अनुसन्धानको क्रममा आएका विभिन्न तथ्याङ्कहरुलाई एकमुष्ट संकलन गरेर हेर्दा अध्ययन क्षेत्रका सम्पूर्ण विधवा महिलाहरुको सामाजिक, आर्थिक र उनीहरुको मनोभावनालाई समेटिएको छ । तथ्याङ्कलाई विशेष गरी यिनीहरुको प्रकृति अनुसार वर्गीकरण गरेर संख्यात्मक तथ्याङ्कलाई तालिकामा राखेर प्रतिशतमा व्याख्या गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई सामान्य रुपमा विश्लेषण गरिएको छ ।

### ३.७ अध्ययनको सिमाङ्कन

यस अध्ययनको लागि निम्न अनुसार सिमाङ्कन गरिएको छ ।

- यस अध्ययनमा नेपाली समाजका सम्पूर्ण क्षेत्रका विधवा महिलाहरु नलिएर काठमाडौं महानगरपालिका वडा नं. १४ कुलेश्वर आवास क्षेत्र ब्लक सी का विधवा महिलाहरुमा मात्र सीमित गरिएको छ ।
- यस अध्ययनले वडाका ३० जना उत्तरदाताहरुबाट तथ्याङ्क संकलन गरिएको छ ।
- यस अध्ययन विशेष गरी अर्न्तवार्ता, कार्यक्षेत्रमा आधारित गरिएको छ ।
- यो अध्ययन समाजशास्त्र मानवशास्त्र स्नातकोत्तर तहको उपाधिको आंशिक आवश्यकता परिपूर्तिको लागि भएकोले साधन, स्रोत, समयको अभावले गर्दा विस्तृत अध्ययन हुन सकेको छैन ।
- विद्यार्थी भएको कारणले सिमित क्षेत्र भित्रका मात्रै विधवा महिलालाई मात्र अध्ययनमा समेटिएको छ ।

## अध्याय चार

## अध्ययन क्षेत्रको सामान्य परिचय

### ४.१ भौगोलिक अवस्थिति

कुनै पनि विषयको अध्ययन गर्ने क्रममा अनुसन्धानकर्ताले आफूले रोजेको विषयवस्तुसँग प्रत्यक्ष सम्बन्ध राख्ने उचित स्थान चयन गर्नु अनिवार्य हुन्छ । आफ्नो अध्ययनको विषय र उपयुक्त भौगोलिक क्षेत्रको तालमेल मिलाएर अध्ययन अनुसन्धानलाई अगाडि बढाउँदै लैजान सकेको खण्डमा मात्र सहज र सरल रुपमा अध्ययन गर्न सकिन्छ । त्यसैले उचित तालमेल मिलाउनु पनि शोधकार्यको एउटा कला हुन जान्छ ।

तपस्वीको तपस्थल टेकू दोभानमा अवस्थित कुलेश्वर महादेवको नामबाट नै यो क्षेत्रको नाम कुलेश्वर रहन गएको हो । यही कुलेश्वर महादेवको पश्चिपट्टि कुलेश्वर आवास क्षेत्र रहेको छ ।

वि.सं. २०३३ साल तत्कालीन श्री ५ को सरकार आवास तथा भौतिक मन्त्रालयको आवास योजना अन्तर्गत नेपाल अधिराज्यमा पहिलो पटक पहिलो आवास क्षेत्रको रुपमा राष्ट्रसेवक कर्मचारीहरुका लागि कुलेश्वर आवास क्षेत्रको अधिकरण गरी सोही बमोजिम राष्ट्र भरमा सेवारत कर्मचारीहरुलाई विधिवत रुपमा वि.सं. २०३९ सालमा ५८० जनालाई जग्गा प्लटहरुको वितरण गरी बसोबासको व्यवस्था गराइयो ( कुलेश्वर आवास परिवार कल्याण संस्था, २०६७) ।

यस कुलेश्वर आवास परिवार कल्याण संस्थाका अनुसार यस क्षेत्रको कुल क्षेत्रफल ५२२ रोपनी रहेको छ । त्यस मध्ये घडेरी प्लट संख्या ८१६ रहेको छ भने २६ वटा हरीयाली प्लट जसको २२ रोपनी १३ आना रहेको छ । त्यस्तै कुलेश्वर आवास विद्यालयको ९ रोपनी क्षेत्रफल रहेको छ । त्यस्तै बजार क्षेत्र ८ रोपनी ८ आना रहेको छ भने कूल सडक ८४० मीटर रहेको छ (कुलेश्वर आवास परिवार कल्याण संघ, २०६७) ।

उक्त संस्थाको रेकर्ड अनुसार कुलेश्वर आवास क्षेत्रको निर्माण वि.सं. २०४० साल देखि नै यस आवास क्षेत्रमा कर्मचारीहरु आई घर बनाएर बस्ने क्रम शुरु भैसकेको थियो । तर पनि शुरुका ती दिनहरुमा पानी, ढल, बत्ती, सडक, टेलिफोन, विद्यालय बजार जस्ता बासिन्दाहरु बीच परिचयको क्रम बढ्दै गएपछि विशेषत 'बी' ब्लकका विश्वलाल श्रेष्ठ, गंगाध्वज श्रेष्ठ, मदन श्रेष्ठ, सुखमाया भट्टाचार्य, भेष नारायण दाहाल, योगेन्द्रनाथ ओझा, प्रो. गणेशराज सिंह, ताम्ला उक्याव, कृष्णप्रसाद रेग्मी, प्रदीप कुमार अर्याल आदि जस्ता विशिष्ट व्यक्तिहरुको विशेष योगदानका साथ वि.सं. २०४६ साल जेष्ठ १८ गतेका दिन "कुलेश्वर आवास परिवार कल्याण संस्था" को स्थापना भएको हो । सम्भवतः राष्ट्रसेवकहरु मिलेर संयुक्त रुपमा खोलिएको यो नै मुलुकको पहिलो संस्था हो । कुलेश्वर आवास क्षेत्रलाई ब्लक ए, बी, सी, डी गरी चारवटा ब्लकमा छुट्याइएको छ ।

कुलेश्वर आवास क्षेत्र उच्च प्रदूषण मुक्त र स्वास्थ्यकर ठाउँमा रहेको छ । यस क्षेत्रको उत्तरतर्फ लिङ्कन स्कूल, नेपाल एकेडेमिक अफ टुरिज्म एण्ड होटल म्यानेजमेन्ट (NATHM) पश्चिमतर्फ नेपाल कलेज अफ ट्राभल, टुरिज्म एण्ड हस्पिटालिटी म्यानेजमेन्ट, ज्ञानकुञ्ज कलेज र दक्षिणतर्फ वर्नहाट कलेज जस्ता ठूल्ठूला शैक्षिक संस्थाहरुले घेरेका छन् । त्यसैले यो क्षेत्रलाई सरस्वतीले बास गरेको क्षेत्र भन्न सकिन्छ ।

## ४.२ शैक्षिक स्थिति

उक्त संस्था (कुलेश्वर आवास कल्याण संस्था) का अनुसार यस क्षेत्रको कूल जनसंख्याको आधा भन्दा बढी साक्षर छन् । पुरुषको तुलनामा महिला साक्षरता कम रहेको छ ।

यस आवास क्षेत्रमा प्रि. प्राइमरी स्तरका २ वटा, माध्यमिकत स्तरका ५ वटा र क्याम्पस स्तरका १ वटा गरी जम्मा ८ वटा शैक्षिक संस्थाहरु स्थापना भएका छन् । ति हुन् - अध्ययन क्षेत्रको ब्लक ए परिक्रमा मार्गमा अन्तर्राष्ट्रिय स्तरको "बेष्ट मन्टेश्वरी चिल्ड्रेन हाउस" मन्टेश्वरी प्रविधिको प्रि. प्राइमरी स्कूलसँग आवद्ध भएर सन् २००५ मा स्थापना गरिएको छ । यहाँ योग्य र तालिम प्राप्त ९ जना शिक्षकहरुले १३६

नानीहरुलाई अध्यापन गराउँछन् । यसैगरी ब्लक ए लाम्ताङ्ग मार्गमा वि.सं. २०५२ सालमा "न्यू होराइजन बोडिङ्ग स्कूल" स्थापना भएको हो ।

यसरी नै यस आवास क्षेत्रको 'सी' तीनकुने भगवती मार्गमा "पारामाउण्ट आवासीय माध्यमिक विद्यालय" वि.सं. २०४५।०९।१८ मा शिक्षा मन्त्रालसँग आवद्ध भई स्थापना भएको निजी स्तरको विद्यालय हो । यहाँ २२ जना शिक्षकले ४७५ विद्यार्थीलाई पढाउँछन् ।

ब्लक 'सी' मा कुलेश्वर आवास सडकको ९ रोपनी जग्गामा कुलेश्वर आवास माध्यमिक विद्यालय २०४६ सालमा स्थापना गरिएको छ । यो विद्यालय यस क्षेत्रका परिवारहरुको मुट्ठीदान, भैलो चन्दाबाट कठोर परिश्रम र श्रमदान गरी खोलिएको हो । यो जिल्ला कार्यालय काठमाडौं आवद्ध छ । यहाँ ४२ शिक्षकले ६७२ जना विद्यार्थीलाई पढाउँछन् । यसैगरी गौरीशङ्कर "एक्सन प्रि. प्राइमरी स्कूल" सन् २००५ मा नगरपालिकासँग आवद्ध भएर खोलिएको हो ।

सोही ब्लकमा एक मात्र जनमैत्री बहुमुखी क्याम्पसको वि.सं. २०४६ साल फागुन १० गते स्थापना भएको हो । जुन त्रिभुवन विश्वविद्यालय र उच्च माध्यमिक परिषदसँग आवद्ध छ । यहाँ हाल आएर स्नातकोत्तर तह सम्म पढाइ हुन्छ । यहाँ ७२ जना शिक्षकले २७०० जना विद्यार्थीहरुलाई अध्यापन गराउँदछन् । यस क्याम्पसको शैक्षिक शुल्क बाहिरी कलेजहरुको भन्दा न्यून रहेको हुनाले टाढा टाढादेखि बहुसंख्यक विद्यार्थीहरु अध्ययन गर्न आउँदछन् ।

यस आवास क्षेत्रको ब्लक 'डी' पारिजात सडकमा रहेको "साउथर्न प्याराडाइज इङ्गलिस बोडिङ्ग स्कुल" वि.सं. २०६० सालमा स्थापना भएको हो । यहाँ २५ जना शिक्षकले ३०० जना विद्यार्थीलाई पढाउँछन् । यस आवास क्षेत्रमा निरक्षर महिलाहरुलाई साक्षर बनाउन र उनीहरुको बौद्धिक विकास र आत्म निर्भर बनाउनको लागि वि.सं. २०६३ सालमा "नेपालमा महिला विश्वासी संघको स्थापना भएको छ । यस संस्थाले महिलाहरुलाई विभिन्न किसिमका सिपमूलक तालिमहरु प्रदान गरी महिलाहरुलाई सशक्तिकरण र जनचेतना जगाउने कार्य गर्दै आएका छन् । यो नेपाल

महिला विश्वासी संघ (YWCA Youth Women Committee Association) सँग आवद्ध भएर काम गरिरहेका छन् ।

त्यसैले यस क्षेत्रमा न्यून शुल्कमा गुणस्तरीय शिक्षा उपलब्ध हुने भएकोले खास गरी मध्यम वर्गीय जनताका छोराछोरीहरु यस क्षेत्रका स्कूलहरुमा पढ्न बढी आकर्षित भएको देखिन्छ । यसरी हेर्दा यस क्षेत्रको शैक्षिक स्थिति निकै राम्रो देखिन्छ ।

### ४.३ विजुलीको स्थिति

यस आवास क्षेत्रमा विद्युत प्राधिकरणको पश्चिमी क्षेत्र वितरण कार्यालयको आफ्नै स्थायी भवन स्थापना भएको छ । फलस्वरुप रातको समयमा हुने चोरी डकैती जस्ता अपराधिक गतिविधिलाई न्यूनीकरण गर्न सडक बत्तीको व्यवस्था गरिएको छ ।

### ४.४ खानेपानीको व्यवस्था

यस क्षेत्रमा खानेपानी वितरण गर्न खानेपानी संस्थानले निजी वितरण केन्द्र यसै आवास क्षेत्रमा रहेको छ । यसबाट अन्यभन्दा तुलनात्मक दृष्टिकोणले खानेपानी आपूर्ती व्यवस्थामा सहजता रहेको छ । यस क्षेत्रका बासिन्दालाई खानेपानीको सुविधाको लागि खानेपानी Overhead Tank समेत निर्माण गरी खानेपानी वितरण सहज गरिएको छ ।

### ४.५ स्वास्थ्य स्थिति

यस क्षेत्रमा काठमाडौं महानगरपालिका र कुलेश्वर आवास परिवार कल्याण संस्थाको संयुक्त प्रयासमा स्वास्थ्य केन्द्र संचालन हुँदै आएको छ । वि.सं. २०६४ देखि यस केन्द्रले उल्लेखनीय प्रगती गरेको छ । वि.सं. २०६७ देखि जिल्ला जनस्वास्थ्य कार्यालय टेकूबाट पनि थप निःशुल्क औषधि लगायत अन्य सेवाहरु उपलब्ध गराउँदै आएको छ ।

हाल यस केन्द्रमा बिरामीको लागि व्हिल चियरको व्यवस्था, रगत परिक्षण, गरिब, दिन दुखी असहाय महिलाहरुको आङ्ग खस्ने रोगको निःशुल्क अपरेशनमा सहयोग, बालबालिकाको निःशुल्क क्यान्सर अपरेसनमा सहयोग, दैनिक ब्लड प्रेसरको

जाँच, घाउको ड्रेसिङ लगायत विभिन्न निःशुल्क स्वास्थ्य सेवाहरु प्रदान गर्दै आएको छ (कुलेश्वर आवास परिवार कल्याण संघ, २०६७) ।

यहाँ वरिष्ठ डा. केशवभक्तज्यूबाट हप्तामा २ पटक र होमीयोपेथिक डा. जयशंकर प्रसादज्यूबाट हप्तामा एक पटक निःशुल्क स्वास्थ्य परिक्षण कार्य भइरहेको छ ।

यस अतिरिक्त पनि बेला बेलामा स्वास्थ्य शिविरहरु संचालन गर्दै आएका छन् । ती हुन् :-

(क) २०६४ सालको संविधानसभाका निर्वाचनमा मतदान दिन आउने मतदाताहरुका लागि मतदान केन्द्रमा स्वास्थ्य शिविर संचालन ।

(ख) कुलेश्वरमा संचालित सप्ताहव्यापी भागवत गीता महायज्ञमा स्वास्थ्य शिविर संचालन ।

(ग) जापानीज इन्सेफ्लाइटिसको तीनदिने खोप शिविर संचालन ।

(घ) अक्युपञ्चर द्धारा गरिने रोग उपचार स्वास्थ्य शिविर संचालन ।

(ङ) विद्यालयहरुको जन्मजयन्तीको अवसरमा विद्यालय गई स्वास्थ्य शिविर संचालन ।

यसरी स्वास्थ्यको दृष्टिकोणबाट पनि यस क्षेत्र निकै राम्रो रहेको देखिन्छ ।

## ४.६ शान्ति सुरक्षाको व्यवस्था

यस आवास क्षेत्रमा शान्ति सुरक्षा र अमनचयन कायम गर्नको लागि स्थानीय बासीहरुको सहयोगबाट शान्ति सुरक्षामा खट्ने सुरक्षाकर्मीलाई बस्ने स्थायी सुरक्षा चौकी भवनको छुट्टै व्यवस्था गरिएको छ ।

समाजमा देखा परेका विकृति विसंगतिबाट उब्जिएका अशान्ति, असुरक्षालाई मनन गरी सुरक्षित हुन र बेलाबखतमा हुने आपत, विपत परेको समयमा सबैलाई सजग बनाउन नेपालमा पहिलो पटक आपत्कालिन घण्टी (Siren Bell) को व्यवस्था कुलेश्वरको प्रहरी वृत्त भवनमा स्थापित गरिएको छ ।

## ४.७ धर्म र संस्कृति

यस क्षेत्रमा विभिन्न जातजाति, धर्म, संस्कृति भएका मानिसहरुको बसोबास रहेको पाइन्छ । यहाँ ब्राम्हण, क्षेत्री, गुरुङ्ग, नेवार, सुनार, दमाई, कामी आदि विभिन्न जातजाति रहेको पाइन्छ र तिनीहरु सबैको मुख्य धर्म हिन्दू रहेको छ भने कसैकसैले बौद्ध धर्म र साई मानेको पनि पाइन्छ ।

जन्मकर्म, न्वारन, पास्नी, ब्रतबन्ध, विवाह तथा मृत्यु संस्कार आदि सबैमा आ-आफ्नै धर्म र संस्कृति अनुसार मनाउँदै आएको पाइन्छ ।

## ४.८ धार्मिक स्थल

यस क्षेत्रमा विभिन्न देवदेवताहरुको मन्दिर स्थापना गरिएको छ । यस क्षेत्रमा भगवती, गणेश, राधाकृष्ण, कालीमाता, हनुमान, शिव आदिको मन्दिर स्थापना गरिएको छ ।

कुलेश्वर हाइटमा भएको ग्रिन बेल्टमा स्थानीय श्री श्रवणलाल श्रेष्ठको आर्थिक सहयोगमा बौद्ध चैत्य र बुद्ध बाटिका निर्माण कार्य वि.सं. २०६७ सालमा सम्पन्न गरिएको छ ।

# अध्याय पाँच

# विधवा महिलाको सामाजिक तथा आर्थिक अवस्था

## ५.१ सामाजिक अवस्था

सामाजिक अवस्था अन्तर्गत महिलाको उमेर, शिक्षा, विवाह हुँदाको उमेर, विधवा हुँदाको उमेर, श्रीमान्को उमेर, मृत्युको कारण, छोराछोरीको शैक्षिक स्तर, परिवारको किसिम, स्वास्थ्यको स्थिति, धार्मिक कार्य, परिवारमा निर्णायक भूमिका घरमुली, विधवा प्रति समाजको दृष्टिकोण, सामाजिक आरोप, पारिवारीक सहयोग, छोराछोरीको व्यवहार आदि पर्दछन् । यस्ता सामाजिक अवस्थाहरुले पनि विधवा महिलाहरुको अवस्थामा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

### ५.१.१ उमेर

उमेर पनि विधवा महिलाहरुको सामाजिक, आर्थिक अवस्थालाई निर्धारण गर्ने महत्त्वपूर्ण परिवर्त्य हो । यस शोधपत्रमा विधवा महिलाहरुको उमेरलाई पनि अध्ययनमा समावेश गरिएको छ । तसर्थ उत्तरदाताहरुको उमेरलाई तालिका नं. ५.१.१ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ५.१.१

### उमेर समूहको आधारमा उत्तरदाताको विवरण

| उमेर समूह (वर्षमा) | संख्या | प्रतिशत |
|---|---|---|
| ३०-४० | २ | ६.६७ |
| ४१-५० | २ | ६.६७ |
| ५१-६० | ६ | २०.०० |
| ६१-७० | ८ | २६.६६ |
| ७१-८० | ७ | २३.३३ |
| ८०-८५ | ५ | १६.६७ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

मीथको तालिका अनुसार कुल ३० जना उत्तरदाताहरुमध्ये २ जना (६.६७ प्रतिशत) युवा अवस्थामा पाइयो भने २ जना (६.६७ प्रतिशत) प्रौढ अवस्थामा रहेको र बाँकी सबै जना वृद्ध अवस्थामा रहेको पाइयो । तर पनि १२ जन (४० प्रतिशत) महिलाहरु भने ज्यादै वृद्ध अवस्थामा रहेको पाइयो । यस मध्ये युवा अवस्थामा र प्रौढ अवस्थामा रहेको विधवा महिलाहरुले घर परिवारमा बढी जिम्मेवारी बहन गर्नु पर्ने पाइयो भने वृद्ध अवस्थामा रहेको महिलाहरुले बढी उमेरको कारणले कुनै पनि जिम्मेवारी नलिएको पाइयो ।

त्यस्तै धेरे बृद्ध अवस्थामा रहेको उत्तरदाताहरुलाई दुई छाक खान दिएको तर पारिवारिक निर्णय तथा सरसल्लाहमा कहिल्यै पनि सहभागी नगराएको कुरा पाइयो । तर २-४ जना विधवा महिला जो आर्थिक रुपले सक्षम छन्, तिनीहरु भने आफ्नो जीवन आफ्नै अनुसार बिताइरहेको पाइयो ।

### ५.१.२ विधवा हुँदाको उमेर

सबै महिलाहरु कुनै निश्चित समयमा विधवा हुँदैनन् फरक-फरक उमेरमा विधवा हुने हुन्छन् । कहिलेकाही कसैको उमेर मिल्न पनि सक्छ प्रस्तुत अध्ययन पनि उत्तरदाताहरुको विधवा हुँदाको उमेरलाई समेट्ने प्रयास भएको छ । जसलाई तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ५.१.२**

**उत्तरदाता विधवा हुँदाको उमेर**

| उमेर समूह (वर्षमा) | संख्या | प्रतिशत |
|---|---|---|
| २०-३० | ५ | १६.६६ |
| ३१-४० | ४ | १३.३३ |
| ४१-५० | ७ | २३.३३ |
| ५१-६० | ७ | २३.३३ |
| ६१-७० | ६ | २०.०० |
| ७१+ | १ | ३.३३ |
| जम्मा | ३० | ३.३३ |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

तालिका नं. ५.१.२ का अनुसार कुल ३० जना उत्तरदाता महिलाहरु मध्ये २० देखि ३० वर्ष विधवा हुनेहरु (१६.६६ प्रतिशत) भएको पाइयो । यसमध्ये पनि २/३ जना किशोर अवस्थामा नै विधवा भएको पाइयो । ३१-४० वर्ष सम्मको उमेरमा विधवा हुने महिलाहरु १३.३३ प्रतिशत रहेको पाइयो । जुन युवा अवस्था नै हो । ४१-५० वर्षको उमेरमा विधवा हुनेहरु २३.३३ प्रतिशत रहेको पाइयो । जुन प्रौढ अवस्था

हो । त्यस्तै ५१-६० वर्ष सम्मको उमेरमा विधवा हुनेहरु २३.३३ प्रतिशत पाइयो भने ६१-७० वर्षको उमेरमा विधवा हुनेहरु २३.३३ प्रतिशत पाइयो जुन वृद्धा अवस्था हो तर सबै भन्दा कम भुषण देवी श्रेष्ठ भन्ने एक जना उत्तरदातामात्र ७१ वर्षको उमेरमा विधवा भएको पाइयो, उहाँ हाल ८३ वर्षको हुनुहुन्छ । धेरैजसो विधवा महिलाहरुको आफू भन्दा बढी उमेरको पुरुषहरुसँग विवाह भएको हुनाले उत्तरदाताहरु कम उमेरमा विधवा हुनु परेको तथ्य पाइयो । यस अलावा स्वास्थ्य सम्बन्धी चेतनाको कमीले र रोग लाग्दा घरेलु उपचार मात्र गरी अस्पतालमा छिटो नलगेको कारणले पनि सानो रोगले पनि भयङ्क रुप लिई अकालमा ज्यान गुमाउनु परेको पाइयो ।

### ५.१.३ विधवा हुँदाको श्रीमान्को उमेर

उत्तरदाता विधवा हुँदाको उनको श्रीमान्को उमेरलाई पनि महत्त्वपूर्ण विशेषताको रुपमा लिई अध्ययनमा समावेश गरिएको छ । जसलाई तालिका ५.१.३ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.१.३

उत्तरदाता विधवा हुँदा श्रीमान्को उमेर

| उमेर समूह (वर्षमा) | उत्तरदाताहरु | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| ३०-४० | ३ | १०.०० |
| ४१-५० | ६ | २०.०० |
| ५१-६० | ६ | २०.०० |
| ६१-७० | ६ | २०.०० |
| ७१-८० | ९ | ३०.०० |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिकामा कुल ३० जना उत्तरदाताहरु विधवा हुँदा उनीहरुको श्रीमान्को उमेर २० वर्षभित्र भएको कोही पनि पाइएन । ३०-४० वर्ष सम्म १० प्रतिशत, ४१-५० वर्षसम्म २० प्रतिशत, ५१-६० वर्ष सम्म २० प्रतिशत, ६१-७० वर्ष सम्म २० प्रतिशत, ७१-८० वर्ष सम्म ३० प्रतिशत रहेको पाइयो ।

### ५.१.४ विवाह गर्दाको उमेर

विवाह एउटा विश्वव्यापी प्रक्रिया हो । जुनसुकै समाजमा पनि यसको खास महत्त्व रहेको हुन्छ । विवाह एउटा पवित्र वन्धन हो । विवाह पश्चात् नै कानुन वा समाजले कुनै पनि महिला र पुरुषलाई सँगै बस्ने अनुमति दिएको हुन्छ तर हाल विवाह अगाडि नै महिला र पुरुष सँगै बसेको देख्न र सुन्न पाइन्छ । यसको साथै नयाँ

पुस्ताको जन्मको लागि पनि विवाह आवश्यक रहेको छ । नेपालको कानुनमा १८ वर्ष नपुगी विवाह गर्न नपाइने भनिएता पनि यो प्रक्रिया लागु भएको पाइदैन ।

त्यसैले महिलाहरुको सामाजिक आर्थिक भूमिकालाई उनीहरुको विवाह गर्दाको उमेरले निर्धारण गरेको हुन्छ । अझ विधवा महिलाहरुको हैसियतलाई त झनै उमेरले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जसलाई तालिका नं. ५.१.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१.४**

**विवाह हुँदाको उमेरको आधारमा उत्तरदाताको विवरण**

| उमेर समूह (वर्षमा) | संख्या | प्रतिशत |
|---|---|---|
| ९-१४ | ६ | २०.०० |
| १५-२० | १५ | ५०.०० |
| २१-२५ | ९ | ३०.०० |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिका अनुसार ९-१४ वर्षको उमेरमा विवाह हुने उत्तरदाताहरु ६ जना (२० प्रतिशत) रहेको पाइयो । यो उमेरलाई नेपालको कानूनले नाबालकको संज्ञा दिने गर्दछ । १५-२० वर्षको उमेरमा विवाह हुने उत्तरदाताहरु १५ जना (५०.०० प्रतिशत) रहेको पाइयो । जुन अवस्थालाई किशोर अवस्था मानिन्छ । २१-२५ वर्षको उमेरमा विवाह हुने उत्तरदाताहरु ९ जना (३०.०० प्रतिशत) रहेको पाइयो । यस अध्ययनमा सबैभन्दा बढी यही किशोर अवस्थामा नै विवाह भएको उत्तरदाताहरु पाइयो । नेपालको कानून अनुसार यो उमेरलाई नागरिकता बनाउन योग्य उमेर समूह मानिन्छ । हालको कानूनले २० वर्ष भन्दा बढीको उमेर विवाहको लागि उपयुक्त मानेको छ ।

### ५.१.५ विवाह गर्दा श्रीमान्को उमेर

यस अध्ययनमा उत्तरदाताको विवाह हुँदा उनको श्रीमान्को उमेरलाई महत्त्वपूर्ण परिवर्त्यको रुपमा लिइएको छ । किनभने हाम्रो जस्तो पितृसत्तात्मक समाजमा विधवा महिलाहरुको आर्थिक, सामाजिक हैसियतलाई उनको श्रीमान्को उमेरले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

**तालिका नं. ५.१.५**

**श्रीमान्को विवाह गर्दाको उमेरको आधारमा उत्तरदाताको विवरण**

| उमेर समूह (वर्षमा) | उत्तरदाताहरु | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| ११-१५ | २ | ६.६६ |
| १६-२० | ४ | १३.३३ |
| २१-२५ | ११ | ३६.६६ |
| २६-३० | ११ | ३६.६६ |
| ३१ भन्दा माथि | २ | ६.६६ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस तालिका अनुसार कूल ३० जना उत्तरदाताहरुको श्रीमान् मध्ये १० वर्ष उमेर भन्दा अगाडि विवाह हुने कोही पनि नरहेको पाइयो । ११-१५ वर्षको उमेरमा विवाह हुने ६.६६ प्रतिशत पाइयो । त्यस्तै १६-२० वर्षको उमेरमा विवाह हुने १३.३३ प्रतिशत पाइयो । जुन किशोर अवस्था हो । त्यस्तै २१-२५ वर्षको उमेरमा विवाह हुने ३६.६६ प्रतिशत पाइयो भने २६-३० वर्ष उमेर भित्र विवाह हुने ३६.६६ प्रतिशत रहेको

पाइयो । जम्मा २ जना (६.६६ प्रतिशत) उत्तरदाताको श्रीमान्को मात्र ३१ वर्ष भन्दा माथि उमेरमा विवाह भएको पाइयो । उनीहरु ३२ वर्ष र ६० वर्ष भएको पाइयो । ६० वर्ष उमेरकोले भने पहिलो श्रीमतीबाट सन्तान नभएपछि ६० वर्षको उमेरमा दोस्रो श्रीमती विवाह गरेको पाइयो ।

### ५.१.६ श्रीमान्को मृत्युको कारण

नेपाली समाजमा श्रीमान्को मृत्युपछि महिलाहरुलाई विधवाको संज्ञा दिई निकै कष्टकर जीवन बिताउन बाध्य हुन्छन् । श्रीमान् महिलाहरुको सामाजिक, आर्थिक स्थिति निकै दयनिय र कमजोर बनाउँदछन् । त्यसैले यस अध्ययनमा उत्तरदाताका श्रीमान्को मृत्युका कारणलाई महत्त्वपूर्ण परिवर्त्यको रुपमा लिई अध्ययन अनुसन्धान गरिएको छ । जसलाई तालिका नं. ५.१.६ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.१.६

श्रीमान्‌को मृत्युको कारणको आधारमा उत्तरदाताको विवरण

| रोग | उत्तरदाताहरु | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| दम | ८ | २६.६६ |
| टि.बी. | ५ | १६.६६ |
| क्यान्सर | ५ | १६.६६ |
| झाडावान्ता | ५ | १६.१६ |
| अल्सर | २ | ६.६७ |
| निमोनिया | २ | ६.६७ |
| जापानिज इन्सेफ्लाइटिस | १ | ३.३३ |
| प्यारालाइसिस | १ | ३.३३ |
| दुर्घटना | १ | ३.३३ |
| जम्मा | ३० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिका अनुसार यस अध्ययनमा संलग्न ३० जना उत्तरदाताहरुको श्रीमान्‌को विभिन्न रोगका कारणबाट मृत्यु भएको पाइयो । जसमध्ये दुर्घटना, जापानिज इन्सेफ्लाइटिस र प्यारालाईसिसबाट १-१ जनाको मृत्यु भएको पाइयो । त्यस्तै टि.बी., क्यान्सर, झाडाबान्ता बाट ५/५ जनाको मृत्यु भएको पाइयो । सबै भन्दा बढी ८ जना (२६.६६ प्रतिशत) को दमको कारणबाट मृत्यु भएको पाइयो । यस

तालिका अनुसार अधिकांश उत्तरदाताका श्रीमान्हरु छिटो उपचार नपाएर वा रोग सम्बन्धि ज्ञानका कमीले चाँडै मृत्यु भएको तथ्य पाइयो । ५ जना उत्तरदाताका श्रीमान्को भने विभिन्न किसिमका क्यान्सरबाट मृत्यु भएको पाइयो । जसमध्ये २ जनाको फोक्सो, १ जनाको घाँटीको र १ जनाको कलेजोको क्यान्सरबाट मृत्यु भएको पाइयो । २/२ जना उत्तरदाताको श्रीमान्को भने अल्सर र निमोनियाबाट मृत्यु भएको पाइयो । यस अध्ययनमा उत्तरदातासँग प्रत्यक्ष वार्तालाप हुँदा उनीहरुले उल्लेख गरिएका रोग मात्र यस अध्ययनमा समावेश गरिएको छ ।

### ५.१.७ शैक्षिक स्थिति

शिक्षा जो सुकै व्यक्तिको पनि नैसर्गीक अधिकार हो । राज्यले पनि शिक्षालाई हरेक योजनामा पहिलो प्राथमिकतामा राखेको छ । १० वर्ष अगाडी वा २०५८ सालको जनगणनालाई हेर्ने हो भने नेपालको शैक्षिक अवस्था राम्रो देखिदैन । तर हाल शिक्षाले राम्रै फड्को मारेको देखिन्छ ।

त्यसैले प्रस्तुत अध्ययनमा पनि उत्तरदाताको शैक्षिक स्तरलाई महत्त्वपूर्ण परिवर्त्यको रुपमा लिइएको छ । महिलाहरुको सामाजिक, साँस्कृतिक र आर्थिक स्थितिलाई उनीहरुको शिक्षाले महत्त्वपूर्ण प्रभाव पार्दछ । त्यसैले उत्तरदाताहरुको शैक्षिक स्तरलाई तालिका नं. ५.१.७ मा समावेश गरिएको छ ।

तालिका नं. ५.१.७

शैक्षिक स्तरको आधारमा उत्तरदाताको विवरण

| शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | १८ | ६०.० |
| साक्षर | ५ | १६.० |
| प्राथमिक | १ | ३.३ |
| निम्न माध्यमिक | २ | ६.६७ |
| माध्यमिक | १ | ३.३ |
| प्रमाणपत्र तह | १ | ३.३ |
| स्नातक तह | १ | ३.३ |
| स्नातकोत्तर तह | १ | ३.३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

प्रस्तुत तालिकामा कूल ३० जना उत्तरदाता विधवा महिलाहरु मध्ये १८ जना (६० प्रतिशत) निरक्षर, ५ जना (१६.६ प्रतिशत) साक्षर रहेको पाइयो । शिक्षित महिलाहरुको शैक्षिक स्तर प्राथमिक तहदेखि स्नातकोत्तर तह सम्म पास भएको पाइयो । १/१ जना उत्तरदाताहरुले मात्र माध्यमिक तहदेखि स्नातकोत्तर तह सम्म पास भएको पाइयो । तर २ जना (६.६७ प्रतिशत) उत्तरदाताले भने निम्न माध्यमिक तह मात्र पास गरेको पाइयो । ३० जना विधवा महिलाहरुको साक्षरताको स्थितीलाई हेर्दा शिक्षित भन्दा पनि अशिक्षित वा निरक्षर नै बढी भएको पाइयो । यसबाट प्रष्ट हुन्छ कि अझै पनि हाम्रो समाजमा पितृसत्ताको हावी छ । त्यसैले छोरीलाई नपढाइकन कम

उमेरमा नै विवाह गरिदिने चलन छ । विवाह पछि पनि श्रीमान्को घरमा बुहारी पढाउने चलन छैन । त्यसैले उच्च शिक्षामा हालसम्म पनि महिला सहभागिता कम भएको पाइन्छ ।

### ५.१.८ छोराछोरीको शिक्षा

यस अध्ययनको क्रममा उत्तरदाताको छोराछोरीको शिक्षालाई पनि महत्त्वपूर्ण विशेषताको रुपमा समावेश गरी अध्ययन गरिएको छ । उत्तरदाताको छोराछोरीको शिक्षाले पनि उत्तरदाताको सामाजिक साँस्कृतिक र आर्थिक हैसियतामा फरक पार्ने हुनाले यसलाई पनि महत्त्वपूर्ण परिवर्त्यको रुपमा लिई तालिका नं. ५.१.८ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.१.८

छोराछोरीको शैक्षिक स्तरको आधारमा उत्तरदाताको विवरण

| शैक्षिक स्तर | उत्तरदाताहरु | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| निरक्षर | २ | ३.२२ |
| साक्षर | १५ | २४.१९ |
| प्राथमिक | २ | ३.२२ |
| निम्न माध्यमिक | ५ | ८.०६ |
| माध्यमिक | २ | ३.२२ |
| प्रमाणपत्र तह | ८ | १२.९० |
| स्नातक तह | २२ | ३५.४८ |
| स्नातकोत्तर तह | ६ | ९.६६ |
| जम्मा | ६२ | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार कूल ३० जना उत्तरदाताहरु मध्ये दुई जनाको सन्तान (छोराछोरी) नभएको पाइयो भने बाँकी २८ जना उत्तरदाताहरुको जम्मा ६२ जना छोराछोरी रहेको पाइयो । जसमा २ जना निरक्षर, १५ जना मात्र साक्षर रहेको पाइयो । सबैभन्दा बढी २२ जनाले स्नातक तह पास गरेको पाइयो । त्यसमध्ये ४ जना इन्जिनियर र २ जना नर्स पास गरेको पाइयो । तर २/२ जना उत्तरदाताको छोराछोरीहरुले प्राथमिक र माध्यमिक तह पास गरेको पाइयो । त्यस्तै ५

जनाले निम्न माध्यमिक र ८ जनाले प्रमाणपत्र तह पास गरेको पाइयो । जम्मा ६२ जना छोराछोरीहरु मध्ये ६ जनाले मात्र स्नातकोत्तर तह पास गरेको पाइयो ।

अध्ययनमा संलग्न उत्तरदाताहरु मध्ये ४ जना उत्तरदाताले छोराछोरी सानो हुँदा श्रीमान्को मृत्यु भएको हुनाले छोराछोरीलाई उच्च शिक्षा दिन आर्थिक समस्या परेको बताए भने अन्यले आफुले दुःख कष्ट गरेर र श्रीमान्को पेन्सनले छोराछोरीलाई पढाएर घर खर्च जुटाएको बताए ।

अधिकांश उत्तरदाताका अनुसार श्रीमान् हुँदा बालबच्चाले के कस्तो पढाइमा प्रगति गरेको छ भनेर हेर्ने गर्नु हुन्छ तर श्रीमान्को मृत्यु पछि आमाले मात्र हेर्न नसक्ने हुँदा छोराछोरीको पढाइको स्तर अलि खस्केको बताए । तर जसको छोराहरु इन्जिनियर छन् तिनीहरुले बुबा हुँदा नै इन्जिनियर पास गरेको बताए ।

### ५.१.९ परिवारको किसिम

मुख्य गरेर परिवार एकात्मक र संयुक्त गरि २ किसिमको रहेको पाइन्छ । एकात्मक परिवारमा आमा, बुबा र उनीहरुको अविवाहित छोरा छोरी रहेका हुन्छन् भने संयुक्त परिवारमा हजुरबुबा, हजुर आमा, बुबा, आमा, विवाहित वा अविवाहित छोरा छोरीहरु, नाती नातिना रहेको हुन्छन् ।

यसै क्रममा यस अध्ययनमा संलग्न उत्तरदाताहरुको परिवारको किसिमलाई पनि अध्ययनमा समावेश गरिएको छ । जसलाई तालिका नं. ५.१.९ मा प्रस्तुत गरिएको छ ।

### तालिका ५.१.९

### परिवारको किसिमको आधारम उत्तरदाताको विवरण

| परिवारको किमिस | उत्तरदाताहरु | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| एकात्मक परिवार | १७ | ५६.६७ |
| संयुक्त परिवार | १३ | ४३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिका अनुसार कूल ३० जना उत्तरदाताहरुको परिवार मध्ये आधा भन्दा बढी ५६.६७ प्रतिशत घर परिवार एकात्मक परिवार र १३ घर परिवार (४३.३३ प्रतिशत) संयुक्त परिवारमा बसोबास गरेको पाइयो । अध्ययनका अनुसार बृद्ध विधवा महिलाहरु प्रायः संयुक्र परिवारमा बसोबास गरेको र प्रौढ र युवा विधवा महिलाहरु प्रायः एकात्मक परिवारमा बसोबास गरेको पाइयो । ३ जना उत्तरदाताहरुको भने श्रीमान्को मृत्यु पछि घर परिवारले धेरै दुःख दिएको हुनाले आफूहरु संयुक्त परिवारबाट छुट्टिएर एकात्मक परिवारमा बसेको बताए । कुनै कुनै उत्तरदाताले भने संयुक्त परिवारमा भएको हुनाले श्रीमान्को मृत्यु पछि पनि आफूहरु सुरक्षित भएको अनुभव गरेको पाइयो ।

### ५.१.१० स्वास्थ्य

स्वास्थ्य रहनुले मानिसको जीवनमा खास भूमिका खेलेको हुन्छ । त्यस माथि पनि विधवा महिलाहरुको सामाजिक आर्थिक भूमिकालाई त झनै स्वास्थ्यले निर्धारण गरेको हुन्छ । त्यसैले अध्ययनमा पनि उत्तरदाताहरुको स्वास्थ्यलाई महत्त्वपूर्ण परिवर्त्यको रुपमा लिई अध्ययन गरिएको छ । जसलाई ५.१.१० मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.१.१०

स्वास्थ्य स्थितिको आधारमा उत्तरदाताको विवरण

| रोग | संख्या | प्रतिशत |
|---|---|---|
| दम | ५ | १६.६७ |
| सुगर (मधुमेय) | ५ | १६.६७ |
| युरिक एसिड | ४ | १३.३३ |
| ग्यासट्रिक | ३ | १० |
| मुटुको रोगी | २ | ६.६७ |
| कान नसुन्ने | १ | ३.३३ |
| खुट्टा, ढाड दुख्ने | १ | ३.३३ |
| टि.बि. | १ | ३.३३ |
| स्वास्थ्य ठिक | ४ | १३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिका अनुसार कूल ३० जना उत्तरदाता विधवा महिलाहरु मध्ये ५/५ जना (१६.६७ प्रतिशत) लाई दम र रक्तचाप (प्रेसर), ४/४ जना (१३.३३ प्रतिशत) लाई मधुमेह (सुगर) र युरिक एसिड, ३ जना (१० प्रतिशत) लाई ग्याष्ट्रिक भएको पाइयो । तर २ जना (६.६७ प्रतिशत) लाई भने मुटुको रोग, भएको पाइयो । मुटु रोग लागेको उत्तरदाताका अनुसार छोरा बुहारी अफिस जान्छन्, नाती नातीना होस्टेलमा बस्छन् र छोरीको विवाह भइसकेको हुनाले आफू सधैं घरमा एक्लै बस्नुपर्दा

आफ्नो जिन्दगी देखेर आफूलाई नै दिक्क लागिसक्यो भनेर दुखेसो गरेको पाइयो । तर सबै भन्दा कम १/१ जनालाई कान नसुन्ने, खुट्टा, ढाड दुख्ने र टि.बि. भएको पाइयो भने १ जना बृद्ध मिना राउत भन्नेलाई टि.बि. लागेको थियो तर अहिले औषधी खाएर निको भएको बताइन् । तर ४ जना (१३.३३ प्रतिशत) उत्तरदाताहरुको स्वास्थ्य स्थिति ठिक भएको पाइयो ।

### ५.१.११ धर्म

धर्म एक विश्वास हो, जसले मानिसलाई अनुशासनमा ल्याउने काम गर्दछ । समाजमा विभिन्न धर्म मान्ने मानिसहरु बसोबास गर्दछन् । धर्मको आधारमा विधवा बनिने होइन तर धर्मले विधवाको भूमिकालाई भने निर्धारण गरेको हुन्छ । त्यसैले महिलाहरुको आर्थिक सामाजिक स्थितीलाई निर्धारण गर्दा धर्मलाई पनि महत्त्वपूर्ण परिवर्त्यको रुपमा लिइन्छ ।

**तालिका नं. ५.१.११**

**धर्मको आधारमा उत्तरदाताको विवरण**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | २६ | ८६.६६ |
| बौद्ध | २ | ६.६६ |
| साई | २ | ६.६६ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

प्रस्तुत अध्ययनमा संलग्न ३० जना उत्तरदाताहरु मध्ये सबैभन्दा बढी ८६.६६ प्रतिशत उत्तरदाताहरु हिन्दु धर्मावलम्बीहरु पाइयो भने जम्मा ६.६६/६.६६ प्रतिशत उत्तरदाता मात्र बौद्ध धर्मालम्बी र साई धर्म मान्नेहरु पाइयो ।

अध्ययनमा संलग्न उत्तरदाताहरु विभिन्न जातजातिहरु जस्तै बाहुन, क्षेत्री, नेवार, तामाङ्ग आदि छन् । तिनीहरुमध्ये अधिकांश उत्तरदाताहरु हिन्दु धर्मालम्बीहरु छन् भने साइली लामा र रामदेवी मानन्धर मात्र बौद्ध धर्म मान्दछन् । यिनीहरुले बौद्ध धर्म मानेता पनि हिन्दु धर्मका संस्कृतिहरुलाई पनि अवलम्बन गर्दै आएका छन् । यस्तै हिन्दु धर्म मान्नेहरुले पनि बुद्ध जयन्तीका दिनमा बुद्धको आरधना गरेको पाइयो ।

हिन्दु धर्मालम्बीहरुमा भन्दा बौद्ध धर्मालम्बीहरुमा विधवाहरुको अवस्था केही हदसम्म राम्रो भएको पाइयो । यस धर्ममा विधवाहरुको भूमिकामा केही लचकता भएको पाइयो जबकी हिन्दु धर्मालम्बीहरु विधवाको भूमिकामा बढि कट्टर भएको देखिन्छ । नेवार जातिमा पनि हिन्दु र बौद्ध धर्म मान्ने मानिसहरु छन् जस्तै महर्जन, डंगोल, सुवाल, सिं, ताम्राकार, शाक्य, मानन्धर, बज्राचार्य आदि विभिन्न जातिले भने बौद्ध धर्म मान्दछन् यस अध्ययनमा संलग्न उत्तरदाता राम देवी मानन्धर नेवार भएतापनि उहाँ बौद्ध धर्मालम्बी हुनुहुन्छ । त्यस्तै रामकुमारी आले मगर र सीता सापकोटा यी दुई जना उत्तरदाताहरु साईबाबाको भक्त भएको पाइयो ।

### ५.१.१२ धार्मिक कार्यमा संलग्नता

यस अध्ययनमा संलग्न कूल ३० जना उत्तरदाताहरु विधवा भएपछि धार्मिक कार्यमा के कति संलग्नता छ भन्ने पनि महत्त्वपूर्ण विशेषताको रुपमा लिइएको छ । धार्मिक कार्यमा संलग्नताको आधारमा पनि उत्तरदाताहरुको अवस्थालाई निर्धारण गर्न सकिन्छ । जसलाई तालिका ५.१.१२ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ५.१.१२

### धार्मिक कार्यमा संलग्नताको आधारमा उत्तरदाताको विवरण

| धार्मिक कार्यमा संलग्नता | संख्यामा | प्रतिशत |
|---|---|---|
| धेरै | १३ | ४३.३३ |
| न्यून | ११ | ३६.६६ |
| जाँदिन | ६ | २०.०० |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

अध्ययनमा संलग्नता ३० जना उत्तरदाताहरुको विधवा भएपछि धार्मिक कार्यमा संलग्नताको सम्बन्धमा अध्ययन गर्दा धेरै हुन्छु भन्नेमा ४३.३३ प्रतिशत १३ जना, उत्तरदाताहरु पाइयो । ती उत्तरदाताहरु विभिन्न मन्दिरहरु विशेष गरि कुलेश्वर महादेव कहाँ जाने र श्रावणमा राधा कृष्णको किर्तन वा झुला महोत्सवमा जाने गरेको पाइयो । ११ जना उत्तरदाताहरु भने कहिले काहिभागवत सप्ताह, राधा कृष्णको झुला आदिमा मात्र जाने गरेको बताए तर ६ जना उत्तरदाताहरु भने कहिले पनि धार्मिक कार्यमा संलग्न नभएको बताए ।

यस अध्ययन अनुसार घर परिवारमा खासै केही हेर्न नपर्नेहरु धेरै धार्मिक कार्यमा संलग्न भएको र घर परिवारलाई पनि समय दिनु पर्नेहरुले फुर्सदको बेलामा मात्र धार्मिक कार्यमा संलग्न हुने बताए भने धार्मिक कार्यमा संलग्न नहुनेहरुले धर्म गरेर पनि आफूहरुले सुख शान्ति नपाएको हुनाले धार्मिक कार्यमा मन नभएको बताए ।

### ५.१.१३ परिवारमा निर्णायक भूमिका

सामान्यतया घर व्यवहारको जुनसुकै कार्यको लागि पनि निर्णायक भूमिका खेल्ने व्यक्ति महत्त्वपूर्ण हुन्छ र जसले सही कुराको मात्र निर्णय दिन सक्ने क्षमता हुनु

पर्दछ । नेपाली समाजमा मुख्यतया यो भूमिका पुरुषहरुले मात्र गर्दै आएका छन् तर जनजातिहरुमा भने पारिवारीक निर्णयमा महिलाहरुको भूमिका बढी रहेको पाइन्छ ।

यस अध्ययनमा पनि उत्तरदाताको पारिवारीक निर्णायक भूमिकालाई अध्ययन गरिएको छ । जसलाई तालिका नं. ५.१.१३ मा देखाइएको छ ।

**तालिका नं. ५.१.१३**

**परिवारमा निर्णायक भूमिकाको आधारमा उत्तरदाताको विवरण**

| **विवरण** | **उत्तरदाताहरु** | |
|---|---|---|
| | **संख्या** | **प्रतिशत** |
| महत्त्वपूर्ण हुन्छ | १५ | ५०.०० |
| हुँदैन | १५ | ५०.०० |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका अनुसार कुल ३० जना विधवा महिलाहरु मध्ये १५ जना (५०.०० प्रतिशत) को परिवारमा निर्णय प्रक्रियामा महत्त्वपूर्ण भूमिका रहेको पाइयो । त्यस मध्ये प्रायः उमेर पुगेकाहरुको र आर्थिक पक्ष बलियो हुने उत्तरदाताहरुको पारिवारिक निर्णयमा महत्त्वपूर्ण भूमिका रहेको पाइयो । तर १५ जना (५०.०० प्रतिशत) ले भने पारिवारिक निर्णयमा आफ्नो कुनै भूमिका नरहेको बताए । त्यस मध्ये पनि छोराछोरी, छोरा बुहारीहरले घर व्यवहार सम्हाल्नेहरुको परिवारमा भने धार्मिक कार्य सामाजिक रितिरिवाजमा मात्र महत्त्वपूर्ण भूमिका रहेको पाइयो तर स्वास्थ्य शिक्षा जस्ता क्षेत्रको निर्णयमा भने उत्तरदाताहरुको भूमिका नरहेको पाइयो ।

### ५.१.१४ घरमूली

घरपरिवारको सबै निर्णयमा घरमूलीको निर्णायक भूमिका रहन्छ । यस अध्ययनमा पनि उत्तरदाताका परिवारमा घरमूलीको अध्ययन गरिएको छ । जसलाई तालिका नं. ५.१.१४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१.१४**

**घरमूलीको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आफैं | ७ | २३.३३ |
| सासु, ससुरा | ८ | २६.६७ |
| छोरा | १५ | ५०.०० |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

उक्त तालिका अनुसार उत्तरदाताहरुको घर परिवारमा ७ जना (२३.३३ प्रतिशत) विधवा महिलाहरु आफैं घरमूली रहेको र ८ जना (२६.६७ प्रतिशत) को घर परिवार सासु, ससुरा नै घरमूली रहेको पाइयो । सासु ससुरा नै घरमुली रहेको घरमा पनि कुनै घरमा सासु बितेर ससुरा बाँकी छन् भने कुनै घर परिवारमा ससुरा बितेर सासु मात्र बाँकी छन् भने कुनै कुनै घरपरिवारमा सासु र ससुरा दुवै जना बाँकी छन् । यस्तो घरपरिवामार सासु ससुराको खटनमा नै उत्तरदाताहरु बस्न बाध्य भएको पाइयो । १५ जना (५० प्रतिशत) उत्तरदाताहरुको परिवारमा छोरा नै घरमूली रहेको हुनाले उत्तरदाता महिलाको कुनै अधिकार नभएको पाइयो ।

### ५.१.१५ विधवा प्रति समाजको दृष्टिकोण

विधवा भएपछि महिलाहरुलाई समाजले विभिन्न दृष्टिकोणबाट हेर्ने गरेको पाइन्छ । त्यस मध्ये पनि विधवा महिलाहरुलाई हेर्ने दृष्टिकोण समाज अनुसार फरक फरक रहेको पाइन्छ ।

त्यसैले यस अध्ययनमा संलग्न विधवा महिलाहरुलाई पनि समाजले के कस्तो दृष्टिकोणले हेर्ने गरेको छ भन्ने कुरालाई अध्ययनमा समावेश गरिएको छ । जसलाई तालिका नं. ५.१.१५ मा देखाइएको छ ।

**तालिका नं. ५.१.१५**

**समाजले हेर्ने दृष्टिकोणको आधारमा उत्तरदाताको विवरण**

| दृष्टिकोण | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | १८ | ६०.०० |
| नराम्रो | १२ | ४०.०० |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

उक्त तालिका अनुसार यस अध्ययनमा संलग्न ३० जना उत्तरदाताहरु मध्ये आधा भन्दा बढी (१८ जना) उत्तरदाताहरुलाई समाजले राम्रो दृष्टिकोणले हेरेको बताए । अझ कलिलो उमेरमा विधवा हुनेहरुलाई त माया, स्नेह र सम्मान गरेको बताए भने १२ जना उत्तरदाताहरुलाई विधवा भएपछि समाजले नराम्रो दृष्टिकोणले हेरेको बताए । उनीहरुका अनुसार विधवा भएपछि अशुभ मानिने, बोक्सी, पोइ टोकुवा जस्ता लान्छना लगाएर उनीहरुको मनोबल घटाउने गरेको बताए ।

### ५.१.१६ सामाजिक आरोप

विधवा भएपछि समाजबाट विभिन्न किसिमका दोष तथा आरोपहरु लाग्ने गर्दछन्, त्यसमाथि पनि हाम्रो समाज पितृप्रधान भएको हुनाले प्रायः जसो विधवा

महिलाहरु यस्तो दोष आरोपबाट बन्चित रहन गाह्रो हुन्छ । त्यसैले यस अध्ययनमा संलग्न विधवा महिलाहरुको पनि यस सम्बन्धी अध्ययन गरिएको छ । समाजबाट लगाइने यस्ता दोष तथा आरोपलाई पनि महत्त्वपूर्ण परिवर्त्यको रुपमा लिई अध्ययन गरिएको छ । जसलाई तालिका नं. ५.१.१६ मा देखाइएको छ ।

**तालिका नं. ५.१.१६**

**समाजबाट लगाइएको दोष तथा आरोपको आधारमा उत्तरदाताको विवरण**

| विवरण | उत्तरदाताहरु | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| बोक्सीको आरोप | ९ | १८.७५ |
| पोई टोकुवा | १५ | ३१.२५ |
| साइत नपर्ने वा अलच्छिन | ७ | १४.५८ |
| कुनै पुरुषसँग बोल्दा अनावश्यक कुरा काट्ने | ८ | १६.६६ |
| छैन | ९ | १८.७५ |
| जम्मा | ४८ | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस तालिका अनुसार अध्ययनमा संलग्न ३० जना उत्तरदाताहरुलाई समाजबाट के कस्ता दोष आरोपहरु लगाइएका छन् भन्ने प्रश्नमा उहाँहरुले मिश्रित उत्तर दिनुभएको छ । उत्तरदाताको अनुसार समाजबाट कुनै एक किसिमको मात्र आरोप नलगाएर विभिन्न मानिसहरुले विभिन्न आरोप लगाउने गरेको बताए । उनीहरुका अनुसार कसैलाई बोक्सीको आरोप पनि लगाउने, पोइ टोकुवा पनि भन्ने गर्दछन् भने कसैलाई साइत नपर्ने, कुनै पुरुषसँग बोल्दा अनावश्यक कुरा काट्ने गरेको बताए ।

यसरी हेर्दा विभिन्न उत्तरदातालाई विभिन्न किसिमको आरोप लागेको पाइयो । त्यसैले यो तालिकामा उत्तरदाताको संख्यामा बृद्धि देखिएको हो । तर पनि यस अध्ययनमा सबै भन बढी १५ जना उत्तरदातालाई भने पोई टोकुवाको आरोप लगाइएको पाइयो । तर ९ जना उत्तरदातालाई भने समाजबाट कुनै पनि दोष आरोप नलगाइएको अझ सबैले विधवा भयो भनेर माया, प्रेम सद्भाव देखाएको बताए । अध्ययनमा संलग्न विधवा महिलाहरुका अनुसार अहिले विधवा महिलालाई समाजले हेर्ने दृष्टिकोण र व्यवहारमा पहिलेको भन्दा धेरै परिवर्तन भएको बताए । त्यस्तै ९ जनालाई बोक्सीको आरोप लागेको, ७ जनालाई साइत नपर्ने वा अल्छिन र ८ जनालाई कुनै पुरुषसँग बोल्दा नराम्रो मानि अनावश्यक कुरा काट्ने गरेको पाइयो ।

### ५.१.१७ पारिवारिक सहयोग

परिवारबाट हुने आर्थिक, सामाजिक र भावनात्मक सहयोगलाई नै पारिवारिक सहयोग भनिन्छ । यस अध्ययनमा संलग्न उत्तरदाताहरुको पारिवारिक सहयोगलाई पनि अध्ययन गरिएको छ । त्यसलाई तालिका नं. ५.१.१७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१.१७**

**पारिवारिक सहयोगको आधारमा उत्तरदाताको विवरण**

| विवरण | उत्तरदाताहरु | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| फरक छ | २१ | ७०.०० |
| फरक छैन | ९ | ३०.०० |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिका अनुसार कुल ३० जना उत्तरदाता विधवा महिलाहरु मध्ये २१ जना (७० प्रतिशत) विधवा महिलाले आफूहरु विधवा हुँदा र नहुँदा परिवारबाट हुने

सहयोगमा निकै फरक भएको कुरा बताए । उनीहरुका अनुसार आफुहरुलाई केही किन्न पैसा माग्दा पनि आज छैन भोलि दिन्छु भनि कुरा टार्ने गरेको बताए । कतै धार्मिक कार्यमा जान खोज्दा "कति बाहिर हिड्नु पर्ने" भनि हप्काउने र आफुहरुलाई कहिल्यै पनि भावनात्मक रुपले माया नगरेको बताए ।

तर ९ जना उत्तरदाताहरुले भने आफुहरु विधवा भएपछि पनि परिवारले उत्तिकै सहयोग गरेको बताए । वृद्ध उमेरमा विधवा हुने हरुले भने छोराले आएर "आमा तपाईसँग पैसा छ कि छैन ?" सन्चो छ कि छैन ? भनेर सोध्ने गरेको बताए । अझ कोहि कोहि उत्तरदाताहरुलाई त मन्दिर जान मन लागे पनि म लगिदिन्छु आमा भन्नेहरु पनि पाइयो । निष्कर्षमा भन्नु पर्दा उत्तरदाता विधवा महिलालाई विधवा भएपछि पनि पारिवारिक सहयोग भएको पाइयो ।

### ५.१.१८ छोराछोरीको व्यवहार

कतिपय महिलाहरु विधवा भएपछि तिनीहरुका छोराछारीहरुको व्यवहारमा पनि परिवर्तन हुने गर्दछ तर सबैका छोराछोरीमा भने हुन्छ नै भन्न सकिदैन । यस अध्ययनको क्रममा संलग्न उत्तरदाताहरु मध्ये छोराछोरीको व्यवहारमा हुने परिवर्तनलाई पनि अध्ययन मा समावेश गरिएको छ । जसलाई तालिका नं. ५.१.१८ मा देखाइएको छ ।

**तालिका नं. ५.१.१८**

**छोराछोरीको व्यवहारमा आएको परिवर्तनको आधारमा उत्तरदाताको विवरण**

| विवरण | उत्तरदाताहरु | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| छ | ११ | ३६.६६ |
| छैन | १९ | ६३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस अध्ययनमा ३० जना उत्तरदाताहरु मध्ये ११ जना (३६.६६ प्रतिशत) ले श्रीमान्को मृत्यु पछि छोराछोरीको व्यवहारमा धेरे परिवर्तन भएको बताए । बुबाको मृत्यु पछि छोराछारीले चाडबाडमा एक्लो र नरमाइलो महसुस गरेको र अन्य व्यवहारमा पनि फरक देखाएको बताए । एक चोटि भन्दा दुई चोटि बोलाउदा झर्कने, रिसाउने जस्ता व्यवहार गरेको बताए । त्यस्तै १९ जना (६३.३३ प्रतिशत) ले भने बुवाको मृत्युपछि छोराछोरीको व्यवहारमा कुनै पनि परिवर्तन नभएको बताए । बुवाको मृत्यु पछि आमालाई झन माया गरेको र फुर्सदको बेला आमा सँगै आएर कुराकानी गर्ने गरेको बताए ।

### ५.१.१९ पारिवारिक कारणबाट बसाई सराई

विधवा भएपछि समाज तथा परिवारको कारणबाट बसाईसराई समेत गर्नु परेको घटना हाम्रो समाजमा देख्दै आएको छ । त्यसैले यस अध्ययनमा संलग्न विधवा महिलाहरुमा पनि पारिवारिक कारणबाट बसाई सराईको बारेमा अध्ययन गरिएको छ । जसलाई तालिका ५.१.१९ मा देखाइएको छ ।

## तालिका नं. ५.१.१९

## परिवारको कारणबाट बसाई सराईको आधारमा उत्तरदाताको विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ८ | २६.६७ |
| छैन | २२ | ७३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिका अनुसार उत्तरदाता विधवा महिलालाई विधवा भएपछि समाज तथा परिवारको कारणबाट बसाई सराई गर्नु परेको छ कि छैन भनि प्रश्न गर्दा ८ जना (२६.६७ प्रतिशत) ले समाज र परिवारले धेरै दु:ख पिडा र विभिन्न लान्छनाहरु लगाउने र बोक्सीको आरोप समेत लगाउते गरेकोले आफू बसाई सराई समेत गर्नु परेको बताए । बसाई सराई गरेकाहरु मध्ये पनि कसैको काठमाडौं कै अन्यत्र ठाउँमा बसोबास गरेका थिए, श्रीमान्को मृत्यु पछि परिवारका अन्य सदस्यहरुले हेला गरि विभिन्न दोष लगाएको हुनाले आफूहरु यस आवास क्षेत्रमा डेरा लिएर बसेको बताए । कसै-कसैले कुल घर गाउँमा थियो श्रीमान् सरकारी जागिरे भएको हुनाले सरकारले कर्मचारीलाई दिएको जग्गा थियो । श्रीमान्को मृत्यु पछि घरपरिवारसँग बस्न नसकेर गाउँको अंश लिएर यहाँ घर बनाएर बस्न आएको बताए ।

यस्तो एक जना उत्तरदाता मीना भण्डारी हाल ५९ वर्षको हुनुहुन्छ उहाँको सन्तान नभएको हुनाले आफ्नो भदालाई धर्मपुत्र बनाएका छन् । उहाँहरु पहिला भक्तपुरको गाउँमा बस्नु हुन्थ्यो, श्रीमान्को मृत्यु पछि त्यहाँको अंश बेचेर सबै पैसा बैंकमा राखेर यस कुलेश्वर आवासमा २ वटा कोठा भाडामा लिएर बस्दै आएका छन् । उहाँको श्रीमान्को सडक विभागमा जागिर भएको हुनाले मृत्यु पछि अलि अलि पेन्सन आउँछ र बैंकमा राखेको पैसाको ब्याजले घरखर्च चलाएर बसेको बताए । भने २२

जना (७३.३३ प्रतिशत) उत्तरदाताले पहिलेको तुलनामा समाज तथा परिवारको सोचमा निकै परिवर्तन आइसकेको हुनाले आफूहरुले बसाई सराई गर्नु नपरको बताए ।

### ५.१.२० रेखदेख गर्ने सदस्य

श्रीमान् को मृत्युपछि महिलालाई परिवारको अन्य सदस्यबाट बढि रेखदेख गरेको पाइन्छ र गर्नु पनि पर्छ । यस अध्ययन क्षेत्रका विधवा महिलाहरुमा सबैभन्दा बढि रेखदेख गर्ने कुरालाई पनि अध्ययन समावेश गरिएको छ । जसलाई तालिका ५.१.२० मा उल्लेख गरिएको छ ।

**तालिका नं. ५.१.२०**

**सबैभन्दा बढी रेखदेख गर्ने व्यक्तिको आधारमा उत्तरदाताको विवरण**

| रेखदेख गर्ने व्यक्ति | उत्तरदाताहरु | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| छोरी | १० | ३३.३३ |
| छोरा | ८ | २६.६७ |
| नाती नातिनी | ७ | २३.३३ |
| बुहारी | ४ | १३.३३ |
| भदा | १ | ३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिका अनुसार, अध्ययनमा संलग्न उत्तरदाताहरु मध्ये १० जना ( ३३.३३ प्रतिशत) ले आफूहरुलाई सबै भन्दा बढी रेखदेख छोरीले गरेको बताए । उनीहरुका अनुसार छोरीले आफूहरुलाई के खान मन लाग्छ के लगाउन मन लाग्छ

भनी बेला-बेलामा सोधिरहन्छ र बेलाबखतमा किनेर पनि ल्याइदिन्छन् । केहि उत्तरदाताका छोरीहरुको विवाह भइसकेकाछन्, तिनीहरुले पनि आर्थिक र भावनात्मक रुपले माया गरी बेला बेलामा भेट्न आउने गरेको बताए ।

तर २६.६७ प्रतिशत उत्तरदाताले भने आफूहरुलाई छोराले नै सबैभन्दा बढी रेखदेख गरेको बताए । उनीहरुका अनुसार छोरा भनेको सधैं आफ्नै घरमा सँगै हुने हुनाले जे पर्दा पनि छोराले नै गर्छन् भनी छोरालाई नै बडावा दिएको पाइन्छ । तर २३.३३ प्रतिशत उत्तरदातालाई नाति नातिनीहरुले बढी रेखदेख गरेको बताए । उनीहरुका अनुसार छोरा बुहारीले कचकच गर्ने भएकाले नाता नातिनीले नै बढी रेखदेख गरेको बताए । ४ जना (१३.३३ प्रतिशत) ले भने बुहारीले पनि आफूहरुलाई आफ्नै जन्म दिने आमा समान व्यवहार गरेको बताए । सबैभन्दा कम १ जना उत्तरदाता भदासँग बस्ने भएकोले बाध्यताले पनि उसैले नै रेखदेख गरेको बताए ।

### ५.१.२१ पारिवारिक हिंसा

प्रत्येक महिलालाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा पाविारिक हिंसा भएको हुन्छ । त्यस मध्ये पनि विधवा महिलाहरुलाई बढि पारिवारिक हिंसा भएको पाइन्छ । हाम्रो समाजमा यस्तो पारिवारिक हिंसाका घटनाहरु प्राय बाहिर आउँदैनन् ।

यस अध्ययनमा पनि उत्तरदाताहरुको पारिवारिक हिंसालाई महत्वपूर्ण विशेषताको रुपमा लिइएको छ । जसलाई तालिका ५.१.२१ मा उल्लेख गरिएको छ ।

### तालिका नं. ५.१.२१

### पारिवारिक हिंसाको आधारमा उत्तरदाताको विवरण

| विवरण | उत्तरदाताहरु | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| छ | २० | ६६.६७ |
| छैन | १० | ३३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथि उल्लेखित तालिका अनुसार अध्ययनमा संलग्न उत्तरदाताहरुलाई पारिवारिक हिंसाको बारेमा प्रश्न गर्दा २० जना (६६.६७ प्रतिशत) ले आफूहरुलाई पारिवारिक हिंसा भएको बताए जुन कुरा अरुको सामु व्यक्त गर्न नसक्ने बताए । उनीहरुका अनुसार विधवा भएपछि छोरा बुहारी नातिनातिनीहरुले खाएर स्कुल गएपछि मात्र आफूहरुले खाना खाने भएको हुनाले सधैं चिसो खाना खानुपर्ने बाध्य भएको बताए । तर जवानीमा नै विधवा हुनेहरुले भने श्रीमान्को मृत्यु पछि हरेक कुरामा आफुलाई दोष दिने र जथाभावी गाली गर्ने गरेको बताए । जस्तै : पोईटोकुवा, अल्छीनी... आदि । उनीहरु कै अनुसार श्रीमान्को मृत्युपछि आफुहरु भौतिक सुखसुविधाबाट बञ्चित भई सधैं मानसिक तनाब झेल्नु परेको बताए भने बाँकी १० जना (३३.३३ प्रतिशत) उत्तरदाताहरुले भने आफूहरुलाई कुनै किसिमको पारिवारिक हिंसा नभएको बताए ।

### ५.१.२२ पहिरन

पहिरन भन्नाले महिलाले विधवा भएपछि लगाउने वस्त्रलाई जनाइन्छ । यस अध्ययनमा पनि उत्तरदाता महिलाहरु विधवा भएपछि लगाउने पहिरनलाई अध्ययन गरिएको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.१.२२**

**विधवा भएपछि पहिरनको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
| --- | --- | --- |
| रातो नभएको | १३ | ४३.३३ |
| जुनसुकै | १७ | ५६.६६ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

अध्ययनमा संलग्न उत्तरदाताहरुलाई विधवा भएपछि के कस्तो पहिरन लगाउने गरेका छन् भन्ने प्रश्नमा झण्डै आधा जस्तो उत्तरदाता वा ४३.३३ प्रतिशतले रातो नभएको लुगा लगाउने गरेको कुरा बताए भने १७ जना (५६.६६ प्रतिशत) ले भने जुनसुकै रंगको लुगा पनि लगाउने गरेको बताए । उनीहरुका अनुसार अहिले समाज परिवर्तन भइसकेको हुनाले जस्तो सुकै लुगा लगाए पनि कसैले कुनै चासो नगरेको बताए । उनीहरुका अनुसार हिजोआज टेलिभिजनमा पनि विभिन्न संघ संस्थाहरुले विधवाहुनेहरुलाई रातोवस्त्र र टिका लगाई सम्मान गरेको देखेको र आफन्त, इष्टमित्र, साथीभाई, छरछिमेकी र शिक्षित व्यक्तिहरुको सल्लाह सुझावले गर्दा पनि आफूहरुले विधवा भएपछि पनि सादा लुगा मात्र नलगाई जुनसुकै पहिरन लगाएको बताए ।

### ५.१.२३ श्रृंगार प्रतिको दृष्टिकोण

श्रृंगार भन्नाले महिलाहरुले लगाउने चुरा, पोते र टिकालाई जनाईन्छ । त्यसमध्ये पनि विशेष गरि रातो रङ्ग, टिका र चुरालाई श्रृंगारको प्रतिकको वा सौभाग्यको प्रतिक मानिन्छ ।

यस अध्ययनमा पनि उत्तरदाताहरुले लगाउने श्रृंगारलाई अध्ययनमा समावेश गरिएको छ । जसलाई तालिका ५.१.२३ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ५.१.२३**

**रातो रङ्ग, चुरा र श्रृंगारको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | १७ | ५३.३३ |
| नराम्रो | १३ | ४३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस अध्ययनमा संलग्न ३० जना उत्तरदाताहरु मध्ये १७ जना (५३.३३ प्रतिशत) ले रातो लुगा, चुरा र श्रृंगार आफूलाई राम्रो लागेका बताए । विशेष गरी युवा अवस्थाका उत्तरदाताहरुले रातो रङ्गको वस्त्र लगाएर सौभाग्यवती भएर बस्न मन लाग्छ तर के गर्ने आफ्नो भाग्यमा नै त्यस्तो छैन चाडै विधवा हुनु पर्‍यो भनेर दुखेसो गरेको पाइयो । तर रातो रंगका पहिरन र चुरा श्रृंगार जस्ता चीजहरु जातजाति अनुसार फरक फरक रहेको हुन्छ । प्रायः ब्राम्ह्ण, क्षेत्रीहरुमा विधवा भएपछि यस्ता वस्तुहरु पहिरन गर्न वञ्चित गरिएको हुन्छ । उनीहरुको साँस्कृतिक मुल्य मान्यता, रितिरिवाज अनुसार विधवा भएपछि यस्ता वस्त्रलाई त्याग्नु पर्ने हुन्छ तर जनजाति महिलाहरुमा विधवा पछि पनि रातो वस्त्रलाई पूर्ण रुपले त्याग्नु पर्दैन । विशेष गरी नेवार जातिहरुको सानोमा नै बेल विवाह (ईहीं) र सुर्यसँग विवाह (बाह्रा) गरी सकेको हुनाले उनीहरु कहिल्यै पनि विधवा हुँदैन भन्ने धार्मिक साँस्कृतिक मान्यता रहेको हुनाले नेवारी जातिमा विधवा भएपछि पनि रातो वस्त्र, श्रृंगार जस्ता कुरालाई त्याग्नु पर्दैन । यसरी हेर्दा ब्राम्ह्ण क्षेत्रीहरुमा भन्दा जनजातिका महिलाहरुमा यस सम्बन्धी केही लचकता देखिन्छ ।

तर अधिकांश बृद्ध उत्तरदाताहरुले रातो लुगा र श्रृंगारलाई नराम्रो लागेको र आफूहरुले त्यस्तो वस्त्र नलगाएको बताए । तर कतिपय युवा अवस्थामा विधवा भएका

उत्तरदाताहरुले भने आफूहरुलाई रातो वस्त्र र श्रृंगार एकदमै मन पर्थ्यो त्यसैले विधवा भएपछि पनि रातो वस्त्र र श्रृंगार गरेर बस्छु । जसले गर्दा श्रीमान्को मृत्यु भएको छैन जस्तो लाग्ने गरेको र आफुमा आत्मविश्वास बढेको बताए ।

### ५.१.२४ एक्लो महसुस

विशेष गरी महिलालाई आफ्नो श्रीमान्को मृत्यु पछि विभिन्न समयहरुमा एक्लो महसुस हुने गर्दछ ।

यस अध्ययनमा पनि उत्तरदाता विधवा महिलाहरु कुन कुन ? समयमा एक्लो महसुस गर्दछिन् भन्ने कुरालाई पनि अध्ययनमा समावेश गरिएको छ । जसलाई तालिका ५.१.२४ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१.२४**

**एक्लो महसुस हुने समयको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| खाने बेलामा | १० | १९.२३ |
| दुःखको बेलामा | १२ | २३.०७ |
| चाडबाडको बेलामा | १५ | २८.८४ |
| सुत्ने बेलामा | १५ | २८.८४ |
| जम्मा | ५२ | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस अध्ययनम संलग्नमा सम्पूर्ण उत्तरदाताहरुलाई खास गरी कुन समयमा उनीहरुलाई एक्लो महसुस हुने गर्दछन् भनी सोधीएको प्रश्नमा अधिंकाश उत्तरदाताहरुले मिश्रित उत्तर दिएका छन् । त्यसमध्ये कसैले खानेबेलामा र सुत्ने बेलामा आफूहरुलाई एक्लो महसुस हुने गरेको र केहीले चाडवाडको बेलामा र सुत्ने

बेलामा आफूहरुलाई एक्लो महसुस हुने गरेको र कसैलाई दुःखको बेला र चाडवाडको बेलामा एक्लो महसुस हुने गरेको भनी विभिन्न मिश्रित प्रतिक्रिया जनाएका छन् ।

यस अध्ययन अनुसार कसैलाई घरमा मिठो खानेकुरा पाक्ने बेलामा विशेष गरी चाडवाडको बेलामा सबै परिवार सँगै बाँडी चुडी खाने गरेको हुनाले अहिले श्रीमान्को मृत्युपछि आफूहरुलाई एक्लो महसुस हुने गरेको बताए । त्यस्तै कसैले आफूहरुलाई दुःख परेका बेलामा, आर्थिक संकटपर्दा, बिरामी भएर एक्लै सुत्ने बेलामा, आफूहरुलाई पीर मर्का परि दुःख कष्ट हुँदा श्रीमान्को याद आएर आफू एक्लो महसुस भएको बताए । त्यस्तै कसैले श्रीमान्लाई मिठो खानुपर्ने हुनाले घरमा मिठो खाने कुरा खाने बेलामा श्रीमान् नहुँदा आफू एक्लो महसुस हुने बताए । कसैका अनुसार घरमा आइपर्ने हरेक समस्याहरु समाधान श्रीमान्ले नै गर्ने हुनाले अहिले आफू एक्लो भएको बताए । यसरी अध्ययनमा संलग्न उत्तरदाताहरुले विभिन्न किसिमले मिश्रित उत्तर दिएका छन् । त्यसैले यस तालिकामा उत्तरदाताको संख्या बृद्धि देखिएको हो ।

### ५.१.२५ वैधव्य अवस्था प्रतिको दृष्टिकोण

महिलाहरुले श्रीमान्को मृत्युपछि आफ्नो विधवा अवस्था प्रति विभिन्न किसिमबाट दृष्टिकोण राखेको पाइन्छ ।

यस अध्ययनमा पनि महिलाहरुको विधवा अवस्थाप्रतिको दृष्टिकोणलाई समावेश गरिएको छ । जसलाई तालिका ५.१.२५ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ५.१.२५

## वैधव्य प्रतिको दृष्टिकोणको आधारमा उत्तरदाताको विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| भाग्यले गर्दा | १२ | २२.२२ |
| कर्म खोटो | १७ | ३१.४८ |
| दु:ख पाउन लेखेको | १० | १८.५१ |
| स्वभाविक घटना | १५ | १००.०० |
| जम्मा | ५४ | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस तालिकामा उत्तरदाताहरुलाई आफ्नो वैधव्य अवस्था प्रतिको दृष्टिकोण बारेमा प्रश्न गर्दा अध्ययनमा संलग्न ३० जना उत्तरदाताहरुले मिश्रित उत्तर दिएको पाइयो । उनीहरुको अनुसार विधवा स्वभाविक घटना हो भन्नेहरु १५ जना पाइयो । प्राय: शिक्षित र शिक्षत व्यक्तिसँग सँगत गर्नेहरुले भने विधवा हुनु स्वभाविक घटना मानेको पाइयो । उनीहरुले विधवा हुनुलाई सहज रुपमा लिएको पाइयो । जसलाई विधवा महिलाको सोचमा आएको परिवर्तन मान्नुपर्दछ । कसै-कसैले भने आफ्नो भाग्य र कर्म खोटो भएको हुनाले छिटो श्रीमान् गुमाउनु परेको भन्दै कर्म र भाग्यलाई नै दोष दिएको पाइयो । विशेषगरी बृद्ध अवस्थाका उत्तरदाताहरुमा परम्परावादी सोच हटेको छैन ।

### ५.१.२६ पुनर्विवाह

पुनर्विवाह भन्नाले श्रीमान्को मृत्यु पछि फेरि विवाह गर्नु हो । यस अध्ययनमा संलग्न उत्तरदाताहरुले पुनर्विवाह गरेको त छैन तर पुनर्विवाह सम्बन्धी स्वयं

उत्तरदाताको धारणालाई अध्ययनमा समावेश गरिएको छ । जसलाई तालिका ५.१.२६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१.२६**

**पुनर्विवाह प्रति उत्तरदाताको धारणाको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| हुन्छ | २० | ६६.६६ |
| हुँदैन | १० | ३३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस अध्ययनमा संलग्न उत्तरदाताहरुलाई पुनर्विवाह सम्बन्धी धारणा राख्दा आधा भन्दा बढी वा २० जना उत्तरदाताहरुले पुनर्विवाह गर्नु हुन्छ भन्ने धारणा राखेको पाइयो । उनीहरुको अनुसार विवाह गरेको केही दिन वा केही महिनामा नै श्रीमान्को मृत्यु भएकाहरुले र बालबच्चा नहुनेहरुले आफ्नो जवानी अवस्था देखि नै सेतो लुगा लगाएर श्रीमान्को सम्झनामा बस्नु भन्दा पुनर्विवाह गरी आफ्नो जीवनको संरक्षण गर्नुपर्छ भन्ने धारणा राखेको पाइयो । तर ३३.३३ प्रतिशत उत्तरदाताहरुले भने श्रीमान्को मृत्युपछि पुनर्विवाह गर्नु हुँदैन भन्ने धारणा राखेको पाइयो । उनीहरुका अनुसार जति ढोका फेरे पनि आफ्नो कर्म फेरिने होइन कर्ममा विधवा हुने लेखेको छ भने जति चोटी विवाह गरे पनि विधवा नै हुन्छ, के लाई पुनर्विवाह गर्नु ? भनी प्रतिप्रश्न गरेको पाइयो । तर पनि मानिसहरुको सोचाइमा परिवर्तन भएको हुनाले धेरैजसो उत्तरदाताहरुले पुनर्विवाहलाई सकारात्मक रुपमा लिएको पाइयो । निष्कर्षमा भन्नु पर्दा यस विषयमा धेरै जसो उत्तरदाताहरु विधवा विवाह प्रति सुधार वादी भएको पाइयो ।

### ५.१.२७ विधवा विवाह सम्बन्धी कानुनको जानकारी

यस अध्ययनमा संलग्न ३० जना उत्तरदाताहरुलाई विधवा विवाह सम्बन्धी कानूनी के कति जानकारी छन् भन्ने विषयलाई पनि अध्ययन गरिएको छ । जसलाई तालिका ५.१.२७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१.२७**

**विधवा विवाह सम्बन्धी कानूनी जानकारी**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| भएको | ७ | २३.३३ |
| नभएको | २३ | ७६.६६ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस अध्ययन अनुसार जम्मा ७ जना (२३.३३ प्रतिशत) लाई मात्र विधवा विवाह सम्बन्धी कानूनी ज्ञान भएको पाइयो जो शिक्षित र शिक्षित व्यक्तिहरुसँग सँगत गरेकाहरु छन् उनीहरुका अनुसार इच्छा लागे गर्ने नगर्ने भन्ने उत्तर दिए तर अधिकांश उत्तरदाताहरुलाई यस सम्बन्धी कुनै कानूनी जानकारी नभएको पाइयो ।

### ५.१.२८ सरकारको कानूनी प्रावधान प्रति उत्तरदाताको दृष्टिकोण

वि.सं. २०६६ सालको सरकारले विधवा महिलालाई उद्धार गर्ने अभिप्रायले सरकारले पुनर्विवाह प्रति कानूनी प्रावधान अगाडि ल्याएको हो ।

त्यसैले यस अध्ययनमा पनि पुनर्विवाह प्रति सरकारको कानूनी प्रावधानप्रति उत्तरदाताको दृष्टिकोणलाई समावेश गरिएको छ । जसलाई तालिका नं. ५.१.२८ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ५.१.२८

### विधवा विवाह सरकारको कानूनी प्रावधानप्रति उत्तरदाताको दृष्टिकोण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ७ | २३.३३ |
| नराम्रो | २३ | ७६.६६ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस अध्ययनमा संलग्न उत्तरदातामध्ये ७ जना (२३.३३ प्रतिशत) ले पुनःर्विवाह सम्बन्धी सरकारले कानूनी प्रावधान पुनर्विवाह गर्न चाहनेहरुलाई सहज भएको बताए । तर सबैभन्दा बढी ७६.६६ प्रतिशत उत्तरदाताहरुले भने यसलाई नराम्रो दृष्टिकोणले हेरेको पाइयो । उनीहरुका अनुसार सरकारले नै पुनर्विवाह गर्नु हुन्छ भन्ने कानून ल्याएपछि त्यसबाट समाजमा नराम्रो विकृति फैलिने बताए । हिन्दु धर्म अनुसार एक नारीले एकचोटी विवाह गर्दा मात्र सतित्व कायम रहने र एक भन्दा बढी विवाह गर्दा सतित्व बिथोल्ने धार्मिक अवधारणा रहेको हुँदा विधवा विवाहमा सरकारको कानूनी प्रावधान प्रति उत्तरदाताहरु नकारात्मक रहेको पाइयो । यसरी हेर्दा नेपाली समाजमा सरकारले जस्तोसुकै कानूनी अभियानहरु संचालन गरे तापनि त्यसलाई व्यवहारिक रुपमा स्वीकार्य हुन अझै समय लाग्ने पाइयो ।

## ५.१.२९ विधवा विवाहमा पुरस्कार

वि.सं. २०६६ सालको बजेट बिनियोजन गर्दा सरकारले विधवा विवाह गर्ने जोडीलाई प्रोत्साहन स्वरुप रु. ५० हजारको पुरस्कार दिने निर्णय गरेको थियो ।

यस अध्ययनमा संलग्न उत्तरदाताहरुमा पनि यस सम्बन्धी अनुसन्धान गरिएको छ । जसलाई तालिका ५.१.२९ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१.२९**

**रु. ५० हजारको सरकारी पुरस्कारको दृष्टिकोणको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | १० | ३३.३३ |
| नराम्रो | २० | ६६.६६ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

उक्त तालिका अनुसार पुनर्विवाह गर्ने जोडीलाई रु. ५० हजारको पुरस्कारको सरकारी घोषणालाई सबै भन्दा बढी ६६.६६ प्रतिशत उत्तरदाताले नराम्रो मानेको पाइयो भने सबैभन्दा कम ३३.३३ प्रतिशत उत्तरदाताले मात्र राम्रो मानेको पाइयो ।

उनीहरुका अनुसार सरकारले दिएको ५० हजारको दाइजोको सट्टा हामीलाई आत्मनिर्भर बन्ने खालको रोजगारी सृजना गरोस् भन्ने रहेको पाइयो । सरकारको उक्त घोषणालाई स्वयं विधवा महिलाहरुबाट नै रु ५० हजारको ललीपपको संज्ञा दिई यसको सर्वत्र विरोध पनि भयो । अन्ततः यो घोषणा सरकारले फिर्ता लिनु पर्‍यो ।

विगतमा विधवा महिलाहरुले पुनर्विवाह गर्ने चलन थिएन र पूर्ण रुपमा निषेध थियो । तर हाल पुरानो बिचारमा केही परिवर्तन आएको छ । हाल समाजले विधवा हुनु कुनै पाप होइन भन्ने बुझ्दै आएको छ । समाज र परिवारलाई प्रगति उन्मुख बनाउका लागि वा महिलाहरु पूर्ण रुपमा सक्षम हुनका लागि पुनर्विवाह हुने गरेको छ ।

विधवालाई सुरक्षित रहन, सामाजिक अधिकार र तिरस्कारबाट बच्न, मानसिक तनाबबाट मुक्त रहन र आर्थिक समस्याबाट टाढा रहनका लागि पनि हाल समाजमा पुनर्विवाह गर्ने क्रम बढ्दै गइरहेको छ ।

## ५.२ विधवा महिलाको आर्थिक अवस्था

अर्थव्यवस्था कुनै परिवार, समाज वा देशको लागि मेरु दण्डको रुपमा रहेको हुन्छ । आर्थिक अवस्थाले मानिसका हरेक जीवन शैलीलाई निर्धारण गरेको हुन्छ । अर्थले नै समाजनमा रहेको सामाजिक साँस्कृतिक अवस्थालाई प्रभाव पारेका हुन्छ । यस अध्ययनको प्रस्तुत शीर्षक अन्तर्गत उत्तरदाताको परिवारको आम्दानीको स्रोत, उत्तरदाता स्वयको आम्दानीको स्रोत, अचल सम्पत्तिमा स्वामित्व, उत्तरदाताको मासिक आय, खर्च, बचत, आर्थिक निर्णयमा उत्तरदाताको भूमिका आदि विषयको विश्लेषण गरिएको छ ।

### ५.२.१ उत्तरदाताको पारिवारिक आम्दानीका स्रोत

उत्तरदाताको परिवारको आर्थिक अवस्थाको बारेमा जान्नको लागि उनीहरुको पारिवारिक आम्दानीका स्रोतलाई पनि अध्ययनमा समावेश गरिएको छ । जसलाई तालिका ५.२.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.२.१**

**पारिवारिक आम्दानीको स्रोतको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| नोकरी | १४ | ४६.६६ |
| घरभाडा | ६ | २०.०० |
| घरभाडा + पेन्सन | ५ | १६.६६ |
| व्यापार | ५ | १६.६६ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

उक्त तालिका अनुसार झण्डै आधा उत्तरदाताहरुको छोरा, छोरी र बुहारीहरुको नोकरीलाई नै पारिवारिक आम्दानीको स्रोत बताए भने २० प्रतिशत उत्तरदाताहरुले भने श्रीमान्को पनि कुनै पेन्सन नआउने र छोराछोरीहरु पनि पढिराखेको हुनाले घरभाडाबाट आएको आम्दानीले नै घर व्यवहार चलाउने बताए । तर १६.६६ प्रतिशत उत्तरदाताले भने घर भाडा र श्रीमान्को पेन्सनलाई नै पारिवारिक आम्दानीको स्रोत बताए । त्यस मध्ये पनि एक जना उत्तरदाताले भने श्रीमान्को पेन्सन नभई आफ्नै पेन्सन र घरभाडाबाट घर खर्च चलाइराखेको बताए भने १६.६६ प्रतिशत उत्तरदाताले भने सानोतिनो व्यापार गरेर घर खर्च जुटाएको बताए ।

### ५.२.२ उत्तरदाता स्वयंको आम्दानी

यस अधययनमा विधवा महिला स्वयंको आम्दानीको स्रोतलाई पनि समावेश गरिएको छ । जसलाई तालिका ५.२.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका न.. ५.२.२**

**उत्तरदाता स्वयंको आम्दानीको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नै पेन्सन | १ | ३.३३ |
| ब्याज | २ | ६.६७ |
| व्यवसाय | ५ | १६.६६ |
| आम्दानी नभएको | ५ | १६.६६ |
| धुप, बत्ती काटेर | ७ | २३.३३ |
| बृद्ध भत्ता | १० | ३३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिका अनुसार सुभद्रा राजभण्डारी एकजना मात्र उत्तरदाता हुनुहुन्छ । जसले कृषि विकास बैंकमा जागिर खानुभई हाल पेन्सन लिएर बस्नु भएको छ । त्यस्तै दुई जना बृद्ध महिला हुनुहुन्छ उहाँहरुको भने बैंकमा अलि अलि पैसा छ, जसको ब्याजबाट दान, धर्म, कर्म, पूजाआजामा खर्च गर्ने गरेको बताए । त्यसैगरी ५ जना उत्तरदाताहरुले भने सानोतिनो पसल गरेर आफ्नतो व्यक्तिगत आयआर्जन गरी त्यसैबाट छोराछोरीलाई समेत पढाइराखेको बताए । जसमध्ये पनि साइली लामा हाल ४३ वर्षको हुनुहुन्छ । उहाँले भने होटेल संचालन गरेर नै आफ्ना ६ जनाको परिवार पाल्दै आएको बताए । होटेलमा छोराछोरीले पनि पालो फेरेको बताए । त्यस्तै ५ जना उत्तरदाताहरुको भने कुनै पनि आम्दानीको स्रोत नभएको बताए, जसमध्ये दुइजना भने निकै बृद्ध छन् भने बाँकीका छोराहरुले केही गर्न नदिएको बताए । तर ७ जना उत्तरदाताहरुले भने धुप, बत्ती काटेर पसल पसलमा बेचेर आफ्नो व्यक्तिगत आवश्यकता पूरा गर्दै आएको बताए भने १० जना उत्तरदाताले सरकारले उपलब्ध गराउने बृद्ध भत्तामा आश्रित हुनु परेको र त्यो भत्ता पनि समयमा नपाउँदा आफूहरुले आर्थिक समस्या भोग्नु परेको गुनासो गरे ।

यस अध्ययनका अनुसार उत्तरदाता स्वयंको आम्दानी नहुनेहरु अरु (छोरा बुहारी) माथि भर पर्नु पर्ने हुनाले परिवारका सदस्यहरुले हेला गरेको तथ्य प्राप्त भयो ।

### ५.२.३ अचल सम्पत्तिमा स्वामित्व

अचल सम्पत्ति भन्नाले घर जग्गामा उत्तरदाताको के कति स्वामित्व छ भन्ने बुझिन्छ । यस अध्ययनमा अचल सम्पत्तिमा उत्तरदाताको स्वामित्वलाई पनि अध्ययनमा समावेश गरिएको छ । जसलाई तालिका ५.२.३ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ५.२.३

### अचल सम्पत्तिमा स्वामित्वको आधारमा उत्तरदाताको विवरण

| विवरण | संख्या | प्रतिशत |
| --- | --- | --- |
| आफ्नै | ११ | ३६.६६ |
| अन्य | १९ | ६३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस अध्ययनमा संलग्न उत्तरदाताहरुका अनुसार १९ जना (६३.३३ प्रतिशत) आफ्नो स्वामित्वमा घर, जग्गा केही नभएको बताए । उनीहरुका अनुसार भएको पुर्ख्यौली घर जग्गा पनि छोरा बुहारीको नाममा भएकोले आफूहरु सँधै उनीहरुको अधिनमा बस्नु परेको बताए । धेरै बृद्ध नभएको र युवा अवस्थाका उत्तरदाताहरुको भने सासु ससुराको नाममा जग्गा जमिन रहेको पाइयो । तर ११ जना उत्तरदाताहरुको भने आफ्नो स्वामित्वमा नै घर जग्गा रहेको पाइयो । उनीहरुका अनुसार घर जग्गा लिने लोभले पनि उनीहरुलाई माया गरेको बताए ।

### ५.२.४ मासिक आय

यस अध्ययनमा उत्तरदाता विधवा महिलाहरुको आय आर्जनलाई पनि समावेश गरिएको छ । जसलाई तालिका ५.२.४ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ५.२.४

## मासिक आयको आधारमा उत्तरदाताको विवरण

| आम्दानी (मासिक रु. मा) | संख्या | प्रतिशत |
|---|---|---|
| ७०००।- | १ | ३.३ |
| ६०००।- | ५ | १६.३३ |
| १०००।- | ७ | २३.३३ |
| ६००।- | २ | ६.६७ |
| ५००।- | १० | ३३.३३ |
| आम्दानी नभएको | ५ | १६.६६ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस अध्ययनमा संलग्न ३० जना उत्तरदाताहरुमध्ये १ जना मात्र उत्तरदाता हुनुहुन्छ, जो कृषि विकास बैंकमा कार्यरत थियो हाल अवकाश प्राप्त गरी मासिक रु ७०००।- पेन्सन प्राप्त गरी आफ्नो खर्च चलाइ राखेका छन् । तर ५ जना उत्तरदाताले भने आफ्नो सानो तिनो व्यवसाय गरी मासिक रु. ६०००।- आर्य आर्जन गरेको पाइयो भने ७ जना उत्तरदाताहरुले फुर्सदको समयमा धूप, बत्ती काटेर मासिक रु. १०००।- आम्दानी गरेको पाइयो । तर २ जना उत्तरदाताले भने बैंकमा अलि अलि पैसा जम्मा गरी राखेकोले त्यसबाट मासिक रु. ६००।- आम्दानी भएको बताए । तर ५ उत्तरदाताको भने आम्दानी नै नभएको हुनाले आर्थिक र मानसिक रुपले दु:खी भएको पाइयो ।

### ५.२.५ खर्च

उत्तरदाताले मासिक रुपमा जे जति आम्दानी गरिन्छ, त्यसको अनुपातमा खर्च पनि गरिन्छ । सोहि खर्चलाई यस अध्ययनमा पनि समावेश गरिएको छ । जसलाई तालिका ५.२.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.२.५**

**मासिक खर्चको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नो इच्छा लागेको किन्ने | १० | ३३.३३ |
| खर्च नै गर्दिन | ५ | १६.३३ |
| लुगा किन्ने | ७ | २३.३३ |
| घरमा खर्च गर्ने | ४ | १३.३३ |
| औषधीमा खर्च | ४ | १३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

प्रस्तुत अध्ययनमा सबैभन्दा बढी १० जना उत्तरदाताले आफ्नो आम्दानीलाई आफूलाई जे खान मन लाग्यो, जे किन्न मनलाग्यो र जहाँ मन लाग्यो त्यसैमा खर्च गर्ने बताए । उनीहरुका अनुसार आफ्नो पैसाले परिवारमा केही खर्च गर्नु पर्दैन खाली आफ्नो लागि मात्र खर्च गरे पुग्छ भनी उत्तर दिए । तर ५ जना उत्तरदाताले भने आफ्नै कुनै पनि आम्दानी नहुँदा आपूले कुनै पनि खर्च गर्नु नपरेको बताए । उनीहरुका अनुसार परिवारका सदस्यहरुले जे खान, लाउन दियो त्यसैमा नै सन्तोष गरेर बसेको पाइयो । यस बाहेक ७ जना उत्तरदाताहरुले आफूहरुलाई मौसम अनुसारका लुगाफाटो, जुत्ता जे चाहिन्छ त्यसैमा आफ्नो आम्दानीलाई खर्च गरेको बताए । ४ जना

उत्तरदाताहरुले भने कहिले काँही घरमा सामानहरु सकिराखेको बेला घरमा चाहिने सामान किन्न खर्च गर्ने बताए भने बाँकी ४ जना उत्तरदाताहरुले पनि आफूहरुलाई दमको रोग लागेको हुनाले आफ्नो आम्दानीबाट नै औषधी किन्ने बताए ।

### ५.२.६ बचत

जे जति आम्दानी गरिन्छ त्यसबाट खर्च कटौती गरेर बचत निस्किन्छ । यस अध्ययनमा पनि उत्तरदाता विधवा महिलाहरुको बचतलाई अध्ययनमा समावेश गरिएको छ । जसलाई तालिका ५.२.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.२.६**

**बचतको आधारमा उत्तरदाताको विवरण**

| बचत | संख्या | प्रतिशत |
|---|---|---|
| छ | १७ | ५६.६६ |
| छैन | १३ | ४३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस अध्ययनमा संलग्न उत्तरदाताका अनुसार आधा भन्दा लागि बचत गरेर राखेको आफ्नो आम्दानीबाट खर्च कटौती गरेर अलि अलि भविष्यको लागि बचत गरेर राखेको बताए भने १३ जना (४३.३३ प्रतिशत) उत्तरदाताहरुले धेरै धेरै आम्दानी नभएको हुनाले बचत गर्न नसकेको बताए ।

### ५.२.७ आर्थिक निर्णयमा भूमिका

हाम्रो समाजमा आर्थिक निर्णय प्रक्रियामा महिलाहरुको भूमिका कम रहेको पाइन्छ । त्यसमध्ये पनि विधवा महिलाहरुको त कुनै भूमिका नै हुँदैन ।

त्यसैले यस अध्ययनमा संलग्न उत्तरदाताहरुको आर्थिक निर्णयमा के कति भूमिका रहेको छ भन्ने कुरालाई अध्ययनमा समावेश गरिएको छ । जसलाई तालिका ५.२.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.२.७**

**आर्थिक निर्णयमा भूमिकाको आधारमा उत्तरदाताको विवरण**

| भूमिका | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ५ | १६.६६ |
| छैन | २५ | ८३.३ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस अध्ययन अनुसार कुल ३० जना उत्तरदाताहरु मध्ये जम्मा ५ जना (१६.६६ प्रतिशत) महिलाहरुको मात्र आर्थिक निर्णय प्रक्रियामा भूमिका रहेको पाइयो भने बाँकी २५ जना उत्तरदाताहरु कुनै पनि भूमिका नभएको पाइयो । यस अध्ययन अनुसार जो उत्तरदाताहरुको आर्थिक पक्ष बलियो छ, तिनीहरुको भने आर्थिक निर्णय प्रक्रियामा भूमिका रहेको पाइयो भने जो उत्तरदाताहरुको आर्थिक पक्ष कमजोर छन्, उनीहरुको भने आर्थिक निर्णयमा कुनै पनि भूमिका नरहेको पाइयो ।

# अध्याय छ

# सारांश, निष्कर्ष र सुझाव

## ६.१ सारांश

यस अध्ययनको मुख्य उद्देश्य विधवा महिलाहरुको सामाजिक, आर्थिक अवस्थाको बारेमा जानकारी हासिल गर्ने र विधवा महिलाप्रति समाजको धारणा र समाजप्रति विधवा महिलाको धारणा प्रष्ट पार्नुको साथै पुनः र्विवाहको सम्बन्धमा समाज र स्वयं विधवा महिलाहरुको धारणा प्रकाश पार्ने, विधवा महिलाहरुको वैधव्य अवस्था र उनीहरुप्रति परिवार, समाजको दृष्टिकोण र व्यवहारको विश्लेषण गर्ने रहेको छ ।

यस अध्ययनमा कुलेश्वर आवास क्षेत्र ब्लक 'सी' का ब्राम्ह्ण, क्षेत्री, नेवार, तामाङ्ग (लामा), आदि जातका विधवा महिलाहरुमा आधारित रहेको छ । अध्ययन क्षेत्रका सम्पूर्ण विधवा महिलाहरुलाई नै उत्तरदाताको रुपमा छनौट गरिएको छ । अध्ययनको क्रममा कार्यक्षेत्र अवलोकन, प्रत्यक्ष अर्न्तवार्ता र प्राथमिक तथा द्धितीय स्रोतबाट तथ्याङ्क गरिएको छ ।

यस अध्ययनमा संलग्न ३० जना उत्तरदाताहरु मध्ये सबै कम ६.६७ प्रतिशत युवा अवस्थाका रहेको पाइयो भने सबै भन्दा बढी ६६.६६ प्रतिशत बृद्ध अवस्थामा रहेको पाइयो । त्यसैगरी सबैभन्दा बढी १५ देखि २० वर्षको उमेरमा विवाह हुने ५०.०० प्रतिशत सबैभन्दा कम २०.०० प्रतिशत उत्तरदाताको ९-१४ वर्षको उमेरमा विवाह भएको पाइयो ।

कूल उत्तरदाताहरुको शैक्षिक स्थितिलाई हेर्दा सबै भन्दा बढी ६०.०० प्रतिशत उत्तरदाता निरक्षर र सबैभन्दा कम ३.३/३.३ प्रतिशतले माध्यमिक देखि स्नातकोत्तर तहसम्म शिक्षा हासिल गरेको पाइयो ।

यस अध्ययनमा संलग्न सम्पूर्ण उत्तरदाताहरु ब्राम्ह्ण, क्षेत्री, नेवार तामाङ्ग आदि जातिको पाइयो । त्यस मध्ये सबै भन्दा बढी ८६.६६ प्रतिशत उत्तरदाताले हिन्दु धर्म

मानेको र बाँकी ६.६६/६.६६ प्रतिशत उत्तरदाताले बौद्ध धर्म र साई धर्म मानेको पाइयो ।

पारिवारिक संरचनालाई हेर्दा सबै भन्दा बढी ५६.६७ प्रतिशत एकात्मक परिवार र ४३.३३ प्रतिशत संयुक्त परिवार रहेको पाइयो ।

अध्ययनमा संलग्न सबैभन्दा बढी ६३.३३ प्रतिशतको आफ्नो स्वामित्वमा कुनै पनि चिज नभएको पाइयो भने सबैभन्दा कम ३६.६६ प्रतिशतको आफ्नो स्वामित्वमा घरजग्गा रहेको पाइयो ।

यस अध्ययनमा संलग्न उत्तरदाताहरु मध्ये सबै भन्दा बढी २३.३३ प्रतिशत महिलाहरु ४१-५० र ५१-६० वर्ष सम्मको पाइयो भने सबै भन्दा कम वा १ जना उत्तरदाता मात्र ७१ वर्षको विधवा भएको पाइयो ।

उत्तरदाताका श्रीमान्हरुको मृत्यु विभिन्न रोगबाट भएको पाइयो । जसमध्ये सबै भन्दा बढी २६.६६ प्रतिशतको दमको रोगबाट र सबै भन्दा कम ३.३३/३.३३ प्रतिशतको भने दुर्घटना, प्यारालाइसिस र जापानिज र इन्सेफ्लाइटिसबाट मृत्यु भएको पाइयो ।

त्यस्तै उत्तरदाता विधवा महिलाहरुको स्वास्थ्य स्थिति हेर्दा सबैभन्दा १६.६७ प्रतिशतको दम र रक्तचाप (प्रेसर) भएको पाइयो भने सबै भन्दा कम ३.३३ प्रतिशतको कान नसुन्ने, खुट्टा ढाड दुख्ने, टि.बी. भएको पाइयो ।

पारिवारीक सहयोगलाई हेर्दा उत्तरदाता विधवा हुँदा सबैभन्दा बढी ७०.०० प्रतिशतलाई पारिवारिक सहयोगमा फरक भएको पाइयो भने सबै भन्दा कम ३०.०० प्रतिशतलाई भने विधवा हुँदा र नहुँदा पारिवारिक सहयोगमा कुनै फरक नभएको पाइयो ।

धेरैजसो वा २३ जना (७६.६६ प्रतिशत) उत्तरदाताहरुका छोराछोरीहरुलाई पढाइमा समस्या भए पनि आफैले दुःखसुख गरी पढाएको र बाँकी ७ जना (२३.३३ प्रतिशत) को भने आर्थिक समस्याले गर्दा पढाइमा अवरोध आएको पाइयो ।

बुवाको मृत्युपछि सबैभन्दा बढी १९ जना (६३.३३ प्रतिशत) का उत्तरदाताका छोराछोरीहरुको व्यवहारमा कुनै परिवर्तन नभएको र सबैभन्दा कम ११ जना (३६.६६ प्रतिशत) का छोराछोरीहरुको व्यवहारमा धेरै परिवर्तन भएको पाइयो ।

आधा भन्दा बढी ६६.६७ प्रतिशत उत्तरदाताहरुलाई विधवा भएपछि घरेलु हिंसा भएको पाइयो भने बाँकी ३३.३३ प्रतिशत उत्तरदाताहरुलाई भने घरेलु हिंसा नभएको पाइयो ।

उत्तरदाताहरुको परिवारमा सबै भन्दा बढी ८३.३३ प्रतिशतको आर्थिक निर्णयमा कुनै पनि भूमिका नरहेको पाइयो भने सबैभन्दा कम १६.६६ प्रतिशतको मात्र आर्थिक निर्णयमा महत्त्वपूर्ण भूमिका रहेको पाइयो ।

उत्तरदाताका छोराछोरीको शिक्षालाई हेर्दा सबै भन्दा बढी २२ जनाले स्नातक तह पास गरेको र सबैभन्दा कम २/२ जनाले प्राथमिक र माध्यमिक तह पास गरेको र २ जना निरक्षर रहेको पाइयो ।

सबै भन्दा बढी १५ जना उत्तरदातालाई समाजबाट पोइ टोकुवाको दोष, आरोप लगाइएको पाइयो भने सबैभन्दा कम ७ जनालाई साइत नपर्ने र अल्छिन भन्ने दोष आरोप लगाइएको पाइयो । समाजमा विधवा भनेर हेला गर्नेहरुमा सबैभन्दा कम पुरुषबाट भन्नेहरु १० प्रतिशत, कसैबाट पनि हुदैन भन्नेहरु ५६.६७ प्रतिशत पाइयो । सबैभन्दा बढी विधवा महिलाहरुको घरमा घरमूली छोरा रहेको पाइयो भने सबै भन्दा कम ७ जनाको घरमूली उत्तरदाता स्वयं रहेका पाइयो ।

सबै भन्दा बढी १८ जना उत्तरदातालाई विधवा भएपछि समाजले राम्रो दृष्टिकोणले हेरेको र सबै भन्दा कम १२ जनालाई नराम्रो दृष्टिकोणले हेरेको पाइयो ।

विधवा भएपछि सबैभन्दा बढी १३ जना (४३.३३ प्रतिशत) धार्मिक कार्यमा धेरै संलग्न भएको पाइयो । सबै भन्दा कम ६ जना (२० प्रतिशत) भने धार्मिक कार्यमा संलग्न नभएको पाइयो । सबै भन्दा बढी २२ जना (७३.३३ प्रतिशत) उत्तरदाताहरु विधवा भएपछि बसाई-सराई नगरेको पाइयो भने सबैभन्दा कम ८ जना (२६.६७ प्रतिशत) भने बसाई-सराई गरेको पाइयो ।

यस अध्ययनमा उत्तरदातालाई फरक फरक समयमा एक्लो महशुस हुने गरेकोले मिश्रित उत्तर आएको पाइयो । त्यस्तै वैधव्य अवस्था प्रति पनि मिश्रित धारणा राखेको पाइयो । तर प्राय शिक्षित युवाहरुले यसलाई स्वभाविक घटना मानेको र बृद्धहरुमा भने अझै पनि यस प्रति परम्परावादी सोच रहेको पाइयो ।

त्यस्तै विधवाको धारणामा रातो लुगा, चुरा र श्रृंगार राम्रो लाग्छ भन्नेहरु सबै भन्दा बढी १७ जना (५६.६६ प्रतिशत) रहेको पाइयो भने सबै भन्दा कम १३ जना (४३.३३ प्रतिशत) ले भने नराम्रो मानेको पाइयो ।

उत्तरदाताहरुको आर्थिक अवस्थालाई हेर्दा उनीहरुको परिवारको आम्दानीको श्रोत घरभाडा, पेन्सन, व्यापार व्यवसाय, नोकरी र छोराहरुको कमाई नै रहेको पाइयो । तर उत्तरदाता स्वयंको आम्दानीलाई हेर्दा सबै भन्दा बढी १० जना (३३.३३ प्रतिशत) को बृद्धभत्ता रहेको पाइयो भने सबै भन्दा कम १ जना (३.३३ प्रतिशत) को आफ्नै पेन्शन रहेको पाइयो । बृद्धभत्ता पाउन अधिकांशको मासिक आय रु ५००।- रहेको पाइयो भने पेन्सनबाट पाउने १ जनाको भने मासिक आय रु ७०००।- रहेको पाइयो ।

उत्तरदाताको खर्चलाई हेर्दा सबै भन्दा बढी १० जनाले आफ्नो इच्छा लागेको किन्न खर्च गर्ने र सबै भन्दा कम ४ जनाले आफ्नो आम्दानीलाई घरमा र औषधीमा खर्च गर्ने बताए । सबैभन्दा बढी १७ जना उत्तरदाताहरुले अलि अलि बचत गरेको पाइयो भने सबैभन्दा कम १३ जनाले कुनै पनि बचत नगरेको पाइयो ।

विधवा महिलाको पुनर्विवाह सम्बन्धमा स्वयं विधवा महिलालाई नै राखिएको जिज्ञासामा पुनर्विवाह गर्न हुन्छ भन्नेहरु सबै भन्दा बढी २० जना (६६.६६ प्रतिशत) र गर्न हुँदैन भन्नेहरु सबै भन्दा कम १० जना (३.३३ प्रतिशत) रहेको पाइयो । पुनर्विवाह प्रति सरकारको कानूनी अभियानलाई राम्रो मान्नेहरु सबै भन्दा कम २३.३३ प्रतिशत र नराम्रो मान्नेहरु सबै भन्दा बढी ७६.६६ प्रतिशत रहेको पाइयो । साथै सरकारको ५० हजारको पुरस्कारलाई स्वयं विधवा महिलाहरुले नराम्रो छ भन्नेहरु ६६.६६ प्रतिशत र सबै भन्दा कम ३३.३३ प्रतिशतले राम्रो छ भन्ने धारणा राखेको पाइयो ।

## ६.२ निष्कर्ष

अध्ययन क्षेत्रका विधवा महिलाहरुको सामाजिक-आर्थिक अवस्थाको जानकारी, उनीहरुलाई समाजले राख्ने धारणा र समाजको विधवा महिलाप्रतिको धारणा, उनीहरुको वैधव्य अवस्था पुनर्विवाहप्रति स्वयम् विधवा महिला र समाजको धारणा गरिएको यस अध्ययनको आधारमा विधवा महिलाहरुको अवस्थाको बारेमा निम्न निष्कर्ष निकाल्न सकिन्छ ।

निश्चय पनि समाज परिवर्तनको दौरानमा आज भन्दा ५० वर्ष अघिका विधवा महिलाहरुको जुन अवस्था थियो, जुन खालको सामाजिक-साँस्कृतिक र धार्मिक प्रणाली थियो । त्यसमा आज पक्कै पनि परिवर्तनहरु भएका छन् । अध्ययनमा संलग्न विधवा महिलाहरुले पुनर्विवाह गरेको त पाइन्न तर इच्छा भएमा पुनर्विवाह गर्नु हुन्छ भन्ने धारणा भने व्यक्त गरेका छन् ।

उत्तरदाताका अनुसार महिलाहरुले अवस्था हेरेर छोराछोरी नहुनाले गर्न हुन्छ भनि अधिकांश सकारात्मक रहेको पाइयो । साथै उनीहरुले पुरुषहरुले श्रीमतीको मृत्यु भएमा विवाह गर्न हुने तर महिलाले किन गर्न नहुने भन्ने प्रति प्रश्न गरेको पाइयो । हाल समाजमा विधवा महिलाहरुले पनि पुनर्विवाह गरेको घटना छिटफुट देखिन थालेका छन् ।

सबै भन्दा बढी उत्तरदाताले विधवा हुनुलाई स्वभाविक अवस्था मानिएको पाइयो । जसबाट प्रष्ट हुन्छ विधवाहरुको सोचमा पनि परिवर्तन भएको छ । विगतमा विधवा हुनु आफ्नो भाग्यको दोष मान्ने, अभागी, असमर्थता, तिरस्कृत, बहिष्कृत सम्झदै मनोबल घटाउने गरेको देखिन्थ्यो । तर यस अध्ययनबाट विधवाहरुको मनोबल बढ्दै गएको, परिवार र सन्तानको हकमा जिम्मेवारी बढेको महशुस गरेको, कर्तव्यप्रति सजक रहेको आत्मनिर्भरताको खोजीमा रहेको स्पष्ट हुन्छ ।

पहिला पहिलाको तुलनामा हालका विधवा महिलाहरुले विधवाप्रति हुने विभिन्न किसिमका विभेदहरुलाई तोड्दै आएको थाहा भएको छ तापनि १०-१५ वर्ष यता शहरी

क्षेत्रमा मात्र नभई देशका विभिन्न गा.वि.स.हरुमा "एकल महिला समूह" स्थापना भएर समूहगत रुपमा विधवा महिलाहरुका सामाजिक, आर्थिक, धार्मिक मूल्य मान्यतालाई विश्लेषण गर्दै उनीहरुलाई आत्मविश्वास बढाउने, हीनताबोध हटाउने, आत्मनिर्भर बढाउने, आय आर्जनको लागि विभिन्न सिपमूलक तालिमहरु दिने कार्य गर्दै नयाँ जीवन शुरु गर्न पहल गरिरहेका छन् । साथै २०५८ सालमा "मानव अधिकारको लागि महिला, एकल महिला समूह" ले "रातो अभियान" कार्यक्रम संचालन गरेको थियो । जुन कार्यक्रमले देशका विभिन्न क्षेत्रहरुमा विधवा महिलाहरुलाई रातो लुगा, टीका र चुरा उपहार दिएको थियो । यसबाट विधवा महिलाको मनोबल बढ्नुका साथै आत्म सम्मान भएको (सम्मानजनक अवसर प्राप्त) महशुस गरेको पाइयो । तर यस अध्ययनमा संलग्न एक जना ३७ वर्षिया गीता राउतले सिन्दुर एउटा बाहेक रातो बस्त्र चुरा सबै लगाएकी छिन् र बाँकी उत्तरदाताहरुले पनि आफ्नो उमेर अनुसार आफ्नो इच्छा अनुसार जस्तो पनि लगाएको पाइयो । यदि कुनै उत्तरदाताहरुले (बृद्ध) रातो लुगा नलगाए पनि त्यसप्रति सकारात्मक सोच राखेको पाइयो ।

अध्ययनमा संलग्न विधवा महिलाहरु उनका श्रीमान्को तुलनामा बढी निरक्षर भएको पाइयो । आर्थिक समस्याको समाधान गर्न कुनै संघ-संस्था, माइती, समाजले सहयोग नगरेको बताए । आफ्नै परिवारका सदस्यहरुको सहयोगबाट समस्याको समाधान गरेको बताए । तर गीता राउतले भने गुठीबाट अलि अलि सहयोग भएको बताइन् । श्रीमान्को मृत्युपछि २ जना मात्र नोकरीमा संलग्न रहेको तर हाल उनीहरु पनि नोकरीबाट अवकाश प्राप्त भई पेन्सन लिएर बसेको पाइयो ।

लिली थापाको भनाइ अनुसार "मानव अधिकारको लागि महिला, एकल समूह" भन्ने संस्थाको स्थापना सन् १९९४ मा भएको हो हाल नेपालको ५४ जिल्लाहरुमा भैसकेको र यसमा ४४,००० आबद्ध भैसकेका छन् । यस संस्थाले विधवा महिलाका क्षमता अभिबृद्धिका कार्यक्रम, हक हितका कार्यक्रममा सरकारी नीति नियमसम्म तर्जुमा गराउन सफल भैसकेको अवस्था छ । यस संस्थाले विधवा महिलाका लागि घरदैलो कार्यक्रम, सहयोगी साथी मार्फत जनचेतनामूलक कार्यक्रम, बचत तथा ऋण कार्यक्रम, विधवा महिलाका लागि विभिन्न उद्यमी कार्यक्रम (सिलाई-बुनाई), अचार

बनाउने आदि र छात्रबृत्ति कार्यक्रम संचालन गरी केही हदसम्म विधवा महिलाहरुलाई आर्थिक सहयोग गरिरहेको छ । तर यस अध्ययन क्षेत्रमा विधवा महिलाहरुको लागि कुनै संघ-संस्था स्थापना भएको छैन, तर कुलेश्वर आवास परिवार कल्याण संस्थाले विधवा, अपाङ्ग, बृद्ध भत्ता पाउन बञ्चित व्यक्तिहरुलाई भत्ता प्राप्त गर्न सहयोग गर्दै आएका छन् । त्यसको लागि यस संस्थामा Information Desk स्थापना गरी उक्त भत्ता पाउनका लागि उपयुक्त व्यवस्था मिलाई दिने कार्यमा सहयोग पुऱ्याइरहेका छन् ।

रातो लुगा र श्रृंगारको सम्बन्धमा भने प्रायः जसो युवा र प्रौढ अवस्थाका विधवा महिलाहरुले लगाउने गरेको र नलगाएकाहरुले पनि यसप्रति सकारात्मक सोच राखेको पाइयो ।

श्रीमान्‌को मृत्युपछि आफूलाई नितान्त भिन्न र एउटा जिम्मेवार परिवेशमा रहेको पहशुस गरेको पाइयो । यस अध्ययनमा संलग्न विधवा महिलाहरु फरक फरक जाति भएको हुनाले उनीहरको चालचलन संस्कार, व्यवहार र दृष्टिकोण पनि फरक फरक रहेको पाइयो । विधवा महिलाले पुनर्विवाहका सन्दर्भमा भने उमेर हुनेहरु छोराछोरी नहुनेहरुले इच्छा भए पुनर्विवाह गर्दा भविष्य राम्रो हुने बताए । सरकारले विधवा महिलालाई पुनर्विवाह प्रति चालेको कदम सकारात्मक रहे तापनि रु. ५० हजारको दाइजो भने विधवा महिलाको मूल्य तोकेको भनि अधिकांशले नकारात्मक माने । रु. ५० हजारको दाइजोको सट्टा बरु आफूहरुलाई आत्मनिर्भर हुने खालको पेशा सरकारले उपलब्ध गराइ दिए हुन्छ भन्ने धारणा व्यक्त गरेको पाइयो ।

## ६.३ सुझाव

१. अध्ययन क्षेत्रका विधवा महिलाहरुको वर्तमान सामाजिक, आर्थिक, वैधव्य अवस्था र पुनर्विवाहको अवस्थाका साथै मनोवैज्ञानिक अवस्थाको बारेमा जानकारी प्राप्त भएको छ ।
२. अझै पनि हाम्रो समाजमा महिला र पुरुष बीचमा सामाजिक दृष्टिकोणमा खासै परिवर्तन नआएको र विधवा महिला प्रति सामाजिक सोचमा परिवर्तन नआएकोले उनीहरको अवस्था कमजोर भएको पाइयो । त्यसैले आगामी अनुसन्धानमा पुनः विचार गर्नु जरुरी छ ।

३. हाल १०-१५ वर्ष यता भने पचास बर्ष पहिलाको सामाजिक सोचमा भने केही परिवर्तन आएको छ । तर पनि अझै चुनौतीहरु रहेका छन् । यस पछिका अध्ययन अनुसन्धान कर्ताहरुले यस्ता चुनौतीहरुको समाधान गर्न सक्नु पर्छ ।

४. विधवा महिलाका हकहित र सशक्तिकरण सम्बन्धि विभिन्न प्रयासहरु भैरहे तापनि अझै विविध चुनौतीहरु विद्यमान रहेको पाइयो । त्यस्ता चुनौतिहरुको सामना गरी अगाडी बढ्नुपर्छ ।

५. अध्ययनमा संलग्न अधिकांश विधवा महिलाहरुमा शिक्षाको कमीका कारण आर्थिक परनिर्भरता रहेको पाइयो । त्यसैले विधवा महिलाहरुलाई पनि छुट्टै शिक्षाको व्यवस्था भएको खण्डमा उनीहरुको सामाजिक आर्थिक स्थिति मजबुत हुने थियो । त्यसैले विभिन्न NGOs, INGOs हरुको यस प्रति ध्यान आर्कषण हुनु जरुरी देखिन्छ ।

## सन्दर्भ सूची


अधिकारी, बिनीता, (२०६५), "विधवा महिलाको सामाजिक, आर्थिक अवस्था र पारिवारिक सम्बन्ध", समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर उपाधीको निमित्त प्रस्तुत शोधपत्र, समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

आचार्य, मिना, (२०५५), "पैतृक सम्पत्तिमा महिलाको समाज अधिकार" समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर उपाधीको निमित्त प्रस्तुत शोधपत्र, समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

आचार्य, मिना, (२०६४।०४।२६), "पचास हजारको ललिपप", गोरखापत्र दैनिक २०६४।०४।२६ काठमाण्डौं, गोरखापात्र प्रकाशन पेज नं. ५ ।

ओभ्का, धननाथ, नेपालमा महिला २०६७ ।

ओभ्का, धननाथ, (२०५६), "नेपालमा महिला" काठमाण्डौं, पैरवी प्रकाशन ।

कँडेल, डा. देवीप्रसाद, (२०६४), "नेपालको इतिहासमा एकल महिलाको अवस्था" चितवन, सिद्धबाबा अफसेट प्रेस ।

खत्री, लक्ष्मी (२०६७), "लमजुङ जिल्लाको विधवा महिलाहरुको समाजशास्त्रीय अध्ययन" ।

गोरखा पत्र दैनिकी, (२०६६/०४/२०), "नेपालका एकल महिलाका स्थिति" ।

गोरखा पत्र दैनिकी, (२०६६/०४/२७), "राष्ट्रिय समाचार समिति" ।

थापा, लिली, (२०६२), "एकल महिलासँगको सहयात्राको अनुभूती" नेपाल टाइम्स प्रेस प्रा.लि., नेपाल ।

थापा, लिली, (२०६५), "एकल महिलासँगको सहयात्राको अनुभूती" नेपाल टाइम्स प्रेस प्रा.लि., नेपाल ।

न्यौपाने, खगेन्द्र (२०६६), "नेपालका एकल महिलाको स्थिति", गोरखापत्र दैनिक २०६६।०४।२० काठमाण्डौं, गोरखापत्र प्रकाशन, पेज नं. ६ ।

नेपाल सरकार, (२०५८), मुलुकी ऐन ११ संशोधन, काठमाण्डौं ।

महर्जन, सजना, (२०६६/०४/२०), "नेपालमा एकल महिलासँग सम्बन्धित मुद्धाहरु", (२०६६।०४।२०), गोरखापत्र दैनिक ।

मुलुकी ऐन ११ औं संशोधन, (२०५८), नेपाल सरकार, काठमाडौं ।

राष्ट्रिय योजना आयोग/युनिसेफ, (१९९२), "नेपालमा एकल महिलाको स्थिती" ।

रिजाल, सुशिलकुमार, (२०६०), "नेपाली समाजका विधवा महिलाहरु" समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर उपाधीको निमत्ति प्रस्तुत शोधपत्र समाजशास्त्र/मानवशास्त्र पाटन संयुक्त क्याम्पस ।

स्मारिका (२०६७), "काठमाण्डौं कुलेश्वर आवास परिवार कल्याण संस्था"

संग्रौला, नारायणप्रसाद (२०५७), "आधुनिक नेपालको इतिहास" काठमाण्डौं, विद्यार्थी पुस्तक भण्डार ।

स्मारिका, (२०६७), कुलेश्वर आवास परिवार कल्याण संस्थाद्धारा प्रकाशित ।

## **References of English**

Bennet, Lynn, (1983), "Dangerous wives and Sacred sister, social and symbolic Roles of High Casts women in Nepal", Columbia University Press, New York.

Dangoal, Purna Laxmi, "A Case Study of Women of Bungamati, 2006 Women in Nepal Statistical Facts-CBU 2006".

WHR, (2006), "Action Aid Nepal" Problems and Challenges at Single Women in Nepal. Kathmandu: Action Aid and Women for Woman Right Single Woman Groups.

## परिशिष्ट १

## अर्न्तवार्ता अनुसूची

**कुलेश्वर आवास क्षेत्र ब्लक 'सी' वडा नं. १४ का विधवा महिलाहरुको सामाजिक, आर्थिक अवस्था तथा पुर्नविवाह सम्बन्धी एक समाजशास्त्रीय अध्ययन ।**

## प्रश्नावली

**उत्तरदाताको नाम :**

**हालको उमेर :** **विवाह गर्दाको उमेर :**

**विधवा हुँदाको उमेर :**

**शिक्षा :** **पेशा :**

**१. परिवारको जनसंख्याको संरचना**

१.१ जात/जाति ..........................

१.२ धर्म ..........................

१.३ तपाई यहाँ बस्नु भएको कति वर्ष भयो ? ..........................

१.४ तपाई कहाँबाट आउनु भएको ? ..........................

१.५ तपाईको श्रीमान्‌को मृत्यु कसरी भएको हो ?

..........................................................................................

१.६ तपाईले पढ्नु भएको छ कि छैन ?

(क) छ (ख) छैन

१.६.१ छ भने कति ?

..........................................................................................

१.७ तपाईको छोराछोरी छन् की छैन ?

(क) छ (ख) छैन

१.७.१ छ भने कति जना ? ...................................

१.८ छोराछोरीलाई कति सम्म पढाउनु भएको छ ? ..............................

१.९ तपाईका परिवार संरचना कस्तो छ ?

(क) एकात्मक (ख) संयुक्त

१.१० तपाईको परिवारको जग्गा छ कि छैन ?

(क) छ (ख) छैन

१.१०.१ छ भने कहो कति छ ?

..........................................................................................................

१.११ तपाईको घरमा घरमूली को हुनुहुन्छ ?

(क) आफैं (ख) ससुरा

(ग) सासु (घ) छोरा

(ङ) बुहारी (च) अन्य

२ **विधवा हुँदाको अवस्था :**

२.१ विवाह हुँदाको उमेर :

(क) आफ्नो (ख) श्रीमान्को

२.२ विधवा हुँदाको उमेर :

(क) आफ्नो (ख) श्रीमान्को

२.३ विधवा हुँदा छोराछोरीको उमेर :

(क) ........................... (ख) ..................................

(ग) ........................... (घ) ..................................

२.४ श्रीमान्को मृत्युको कारण के हो ?

..........................................................................................................

२.५ तपाईको श्रीमान्ले पढ्नु भएको छ की छैन ?

(क) छ (ख) छैन

२.६ तपाईले पढ्नु भएको छ की छैन ?

(क) छ (ख) छैन

२.६.१ छ भने कति ?

..........................................................................................

२.७ तपाईको छोराछोरीले कति पढेका छन् ?

(क) छोरा .......................... (ख) छोरी ...........................

## ३. विधवा भएपछि आएका परिवर्तन

३.१ तपाईलाई पारिवारिक हिंसा छ, छैन ?

(क) छ (ख) छैन

३.१.१ छ भने कस्तो प्रकारको हिंसा छ ?

..........................................................................................

३.२ विधवा हुँदा र नहुँदामा परिवारबाट हुने सहयोगमा कुनै फरक पाउनु भएको छ कि छैन ?

(क) छ (ख) छैन

३.३ यदि छ भने कसबाट फरक पाउनु भएको छ ?

(क) सासु (ख) ससुरा

(ग) देवर (घ) जेठाजु

(ङ) जेठानी (च) नन्द भाउजु

३.३.१ के कारणबाट होला ?

..........................................................................................

३.४ तपाई विधवा भएपछि समाजको हेराइमा फकर महशुस गर्नु भएको छ, कि छैन ?

(क) छ (ख) छैन

३.४.१ छ भने कस्तो महशुस ?

..........................................................................................

३.५ तपाईको आयस्रोतको मुख्य माध्यमहरु के-के छन् ?

(क) ............................ (ख) ............................

३.६ तपाईले हाल पेशामा परिवर्तन गर्नु भएको छ ?

(क) छ (ख) छैन

३.६.१ यदि छ भने पहिले कुन पेशा गर्दै हुनुहुन्थ्यो ?

..........................................................................................

३.६.२ अहिले के पेशा गर्दै हुनुहुन्छ ?

..........................................................................................

३.६.३ यी दुई पेशामा किन फरक भएको ?

..........................................................................................

३.७ विधुवा भए पछि समाज तथा परिवारको कारणबाट बसाई-सराई गर्नु परेको छ, छैन ?

(क) छ (ख) छैन

३.७.१ यदि छ भने के कारणले सर्नु परेको छ ?

..........................................................................................

३.८ तपाईलाई पीरमर्का पर्दा परिवारका सदस्यहरुले वास्ता गर्दछन् कि गर्दैनन् ?

..........................................................................................

३.८.१ किन नगरेको होला ?

..........................................................................................

३.८.२ यदि गरेनन् भने के गर्नु हुन्छ ?

..........................................................................................

३.८.३ त्यस्तो बेला के गर्नुहुन्छ ?

..........................................................................................

## ४. वैधव्य अवस्थाप्रतिको अनुभव

४.१ हाल तपाईको स्वास्थ्य ठीक छ ?

(क) ठीक छ (ख) ठीक छैन्

४.१.१ यदि ठीक छैन् भने के भएको छ ?

..........................................................................................

४.२ तपाईलाई कस्तो समयमा एक्लो महशुस हुने गर्दछ ?

(क) खाने बेलामा (ख) सुत्ने बेलामा

(ग) दुःखको बेलामा (घ) चाडवाडको बेलामा

४.२.१ किन ?

..........................................................................................

४.३ विधवा भएपछि आफ्नो जीवनप्रति एक्लो महशुस गर्नु भएको छ ?

(क) छ (ख) छैन

४.४ यदि छ भने कस्तो महशुस गर्नुभएको छ ?

(क) बेसाहारा (ख) सुन्नापन

(ग) खालीपन (घ) एक्लोपन

४.५ तपाईको श्रीमान्को मृत्युपछि छोराछोरीमा कुनै परिवर्तन पाउनु भएको छ, छैन ?

(क) छ (ख) छैन

४.५.१ यदि छ भने कस्तो परिवर्तन पाउनु भएको छ ?

..........................................................................................

४.६ अंशवण्डाको विषयमा घर-परिवारबाट कस्तो व्यवहार पाउनु भएको छ ?

..........................................................................................

४.६.१ अंशवण्डाको विभेद भएको छ कि छैन ?

..........................................................................................

४.६.२ यदि छ भने कस्तो विभेद ?

..........................................................................................

४.७ तपाईले आफ्नो वैधव्य अवस्था प्रति कस्तो अनुभव गर्नु हुन्छ ?

(क) भाग्यले गर्दा (ख) खोटो कर्म

(ग) दुःख पाउन लेखेको (घ) स्वभाविक घटना

**५. परिवार र समाजको दृष्टिकोण**

५.१ विधवा र सधवा हुँदा समाज तथा परिवारले हेर्ने दृष्टिकोणमा फरक पाउनु भएको छ ?

(क) छ (ख) छैन

५.१.१ यदि छ भने कस्तो दृष्टिकोण पाउनु भएको छ ?

.........................................................................................

५.२ तपाईको परिवारमा निर्णय गर्ने निर्णायक भूमिका कस्तो रहेको छ ?

(क) महत्त्वपूर्ण (ख) सामान्य

(ग) न्यून (घ) रहँदैन

५.३ तपाईलाई समाजमा विधवा भनेर हेलाँ कस-कसबाट बढी गरिन्छ ?

(क) महिलाबाट (ख) पुरुषबाट

(ग) दुबैबाट हुन्छ (घ) दुबैबाट हुँदैन

५.४ तपाई विधवा भएपछि समाजले कुनै दोष आरोप लगाएको छ ?

(क) छ (ख) छैन

५.५ यदि छ भने कस्तो आरोप लगाएको छ ?

(क) अशक्त वा नराम्रो भएपछि बोक्सीको आरोप

(ख) कुनै पुरुषसँग बोल्दा अनावश्यक कुरा काट्ने

(ग) हिड्ने बेलामा साइत नपर्ने

(घ) अरु कुनै आरोप ...............................................

५.६ तपाईलाई विधवाहरुले समाजमा सम्मानजनक अवसर प्राप्त गरे जस्तो लाग्छ ?

(क) लाग्दछ (ख) लाग्दैन

(ग) थाहा छैन (घ) अरु कुनै आरोप

५.७ तपाई विधवा भएपछि धार्मिक कार्यमा कत्तिको संलग्न हुनुहुन्छ ?

(क) धेरै (ख) न्यून

(ग) सामान्य (घ) हुँदैन

५.८ सामाजिक संघसंस्थामा सहभागी हुनुहुन्छ वा हुँदैन ?

५.८.१ यदि हुनुहुन्छ भने केमा ?

.........................................................................................

## ६. आर्थिक सहयोग

६.१ तपाईलाई आर्थिक समस्या पर्दा कस-कसबाट सहयोग प्राप्त हुन्छ ?

(क) समाजबाट (ख) माइतीबाट

(ग) छोरीबाट (घ) घरका अन्य सदस्यबाट

६.२ तपाईको छोराछोरीको पढाइमा कुनै संघ संस्थाले सहयोग गरेको छ ?

(क) छ (ख) छैन

६.३ यदि छ भने कुन संस्थाबाट सहयोग पाउनु भएको छ ?

...........................................................................................

६.४ तपाईका छोराछोरीले कति-कति पढ्नु भएको छ ?

(क) ...................................... (ख) ..............................

(ग) ...................................... (घ) ..............................

६.५ राज्यबाट प्रदान गरिने विधवा भत्ता तपाईले पाउनु भएको छ कि छैन ?

(क) छ (ख) छैन

६.५.१ यदि पाउनु भएको छैन भने किन ?

.........................................................................................

## ७. पहिरन

७.१ विधवा भएपछि कस्तो पहिरन लगाउनु हुन्छ ?

(क) रातो नभएको (ख) सामान्य किसिमको

(ग) जस्तो पनि

७.१.१ किन ?

.........................................................................................

७.२ रातो लुगा, चुरा, श्रृंगार लगाउनु हुन्छ की हुदैन ?

(क) हुन्छ (ख) हुँदैन

७.२.१ यदि हुन्छ कस्ले भनेर ?

.........................................................................................

७.२.२ हुँदैन भने किन हुँदैन ?

.........................................................................................

७.३ अरुले रातो लुगा र श्रृंगार लगाएको देख्दा तपाईलाई कस्तो लाग्छ ?

(क) राम्रो (ख) नराम्रो

(ग) सामान्य

७.३.१ किन ?

.........................................................................................

७.४ रातो रङ्ग र श्रृंगारको सम्बन्धमा के भन्नु हुन्छ ?

.........................................................................................

## ८. पुर्नविवाह

८.१ हाल समाजमा फाटफुट विधवाले पुर्नविवाह गरेको देख्दा, सुन्दा तपाईलाई कस्तो लाग्छ ?

(क) राम्रो (ख) नराम्रो

८.१.१ किन ?

.........................................................................................

८.२ विधवा महिलाले पुर्नविवाह गर्नु हुन्छ की हुँदैन ?

(क) गर्नु हुन्छ (ख) हुँदैन

(ग) मन लागे हुन्छ

८.२.१ यदि हुँदैन भने किन ?

...............................................................................................

८.३ हाल नेपालको विधवा महिला विवाह गर्ने जोडीलाई रु ५० हजारको पुरस्कारको घोषणा गरेको थियो त्यसमा तपाईलाई कस्तो लाग्दछ ?

(क) राम्रो (ख) नराम्रो

(ग) सामान्य

८.३.१ किन नराम्रो ?

...................................................................................................